आज मिति २०८१।०९।२५ गते विहिबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा बसेको १६ औं नगरसभाको बैठकमा कार्यसूची बमोजिम छलफल गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | |
| ४ | लक्ष्मी बहादुर खत्री | सदस्य १ | |
| ५ | राज कुमार थारु | सदस्य १ | |
| ६ | टोपकला वि.सी. | महिला सदस्य १ | |
| ७ | सिता सुनार | दलित महिला सदस्य १ | |
| ८ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | |
| ९ | प्रेम बहादुर रौतार थारु | सदस्य २ | |
| १० | झिमलाल सापकोटा | सदस्य २ | |
| ११ | शान्ता पाण्डे | महिला सदस्य २ | |
| १२ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | |
| १३ | सोमनाथ राना | सदस्य ३ | |
| १४ | चन्द्रावती चौधरी थारु | महिला सदस्य ३ | |
| १५ | गङ्गा देवी सुनार | दलित महिला सदस्य ३ | |
| १६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | |
| १७ | चिन्कु थारु | सदस्य ४ | |
| १८ | नन्द किशोर थारु | सदस्य ४ | |
| १९ | चन्द्रावती थारु | महिला सदस्य ४ | |
| २० | कुमारी पवित्रा सार्की | दलित महिला सदस्य ४ | |
| २१ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | |
| २२ | ज्ञान बहादुर कार्की | सदस्य ५ | |
| २३ | बुध्दु थारु | सदस्य ५ | |
| २४ | नैन कुमारी थारु | महिला सदस्य ५ | |

CamScanner

| | | | |
|---|---|---|---|
| २५ | मिना दर्जी | दलित महिला सदस्य ५ | |
| २६ | करुण टण्डन | वडाध्यक्ष ६ | |
| २७ | गुरु प्रसाद थारु | सदस्य ६ | |
| २८ | यम बहादुर प्युठानी | सदस्य ६ | |
| २९ | पसपतिया चौधरी | महिला सदस्य ६ | |
| ३० | तारा दुतराज | दलित महिला सदस्य ६ | |
| ३१ | विष्णु गिरी | वडाध्यक्ष ७ | |
| ३२ | हरिशंकर पौडेल | सदस्य ७ | |
| ३३ | मुम बहादुर पाण्डे | सदस्य ७ | |
| ३४ | सावित्रा थारु | महिला सदस्य ७ | |
| ३५ | पार्वती सुनार | दलित महिला सदस्य ७ | |
| ३६ | बाबुराम अर्याल | वडाध्यक्ष ८ | |
| ३७ | विश्वास जि.सी. | सदस्य ८ | — |
| ३८ | शैलेन्द्र बेल्बासे | सदस्य ८ | |
| ३९ | जुनादेवी थारु | महिला सदस्य | |
| ४० | शारदा परियार | दलित महिला सदस्य | |
| ४१ | कमल पौडेल | वडाध्यक्ष ९ | |
| ४२ | चुरामणी अर्याल | सदस्य ९ | |
| ४३ | नुमलाल चौधरी | सदस्य ९ | |
| ४४ | केशरा गुरुङ | महिला सदस्य ९ | |
| ४५ | गिता कुमारी सुनार | दलित महिला सदस्य ९ | |
| ४६ | यम प्रसाद पोखेल | वडाध्यक्ष १० | |
| ४७ | रुप नारायण थारु | सदस्य १० | |
| ४८ | राम शंकर थारु | सदस्य १० | |
| ४९ | सर्मिला चमार | दलित महिला सदस्य १० | |
| ५० | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | |
| ५१ | जगनारायण थारु | सदस्य ११ | |

CamScanner

| | | | |
|---|---|---|---|
| ५२ | बाजबुल लैन | सदस्य ११ | |
| ५३ | इमकला खत्री क्षेत्री | महिला सदस्य ११ | |
| ५४ | सावित्री वि.क. | दलित महिला सदस्य | |
| ५५ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| ५६ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| ५७ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ५८ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

**१६औं नगरसभाका निर्णयहरु:-**

**निर्णय नं. १** (१६औं) नगरसभाको कार्यूसूची तथा कार्यक्रम अनूसूची-१ बमोजिम अभिलेख गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** (१६औं) नगरसभामा पेश भएका आर्थिक ऐन, २०८१ तथा विनियोजन ऐन, २०८१ पेश भए बमोजिम संसोधन गर्ने र आर्थिक ऐन,२०८१ मा भएको संसोधन अनुसूची-२ र विनियोजन ऐन, २०८१मा भएको संसोधन निर्णय अनुसूची-३ मा अभिलेख गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** नगरसभामामा नगरप्रमुख श्री चक्रपाणी अर्यालद्वारा प्रस्तुत अर्धवार्षिक प्रगति प्रतिवेदन अनुसूची-४ मा अभिलेख गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** नगरसभामा आफ्ना भनाईहरु राख्ने सदस्यहरुले राखेका विषयवस्तु सहित नामावली अनुसूची-५ मा अभिलेख राख्ने निर्णय गरियो ।

**निर्णय नं. ५** नगर प्रवक्ता श्री बिष्णुप्रसाद पौडेलमार्फत नगरसभामा राखेका सार्वजनिक महत्वका प्रस्तावहरुहरुलाई अनुसूची-६ बमोजिम अभिलेख राख्ने निर्णय गरियो ।

**निर्णय नं. ६** नेपालको संविधान को उल्लेखित एकल अधिकारको क्षेत्र तथा साझा अधिकारको क्षेत्रमा उल्लेखित शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न नगरपालिकाको शिक्षाको विगत वर्तमान र भविष्य झल्कने गरी निर्माण भएको पाँच वर्षे नगर शिक्षा योजना स्वीकृत गरी सार्वजनिकीकरण गर्ने र उक्त शैक्षिक योजनाको संक्षिप्त विवरण अनुसूची-७ मा अभिलेख गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** यस नगरपालिकाको आ.व.२०८१।०८२ को नीति तथा कार्यक्रमको पूर्वाधार विकास अन्गतर्गत भवन तथा बस्ती विकास को बुँदा नं. ५ मा रहेको नीति गत व्यवस्था नगरमा बन्ने घर संरचनाहरुलाई अनिवार्य रुपमा नक्सा पास गर्ने कार्यलाई बढावा दिन, नक्सा पास नगरी निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्न नयाँ बन्ने घरहरुको बिजुली पानीको सिफारिस भवन तथा शहजरी विकास शाखाबाट मात्र दिई नयाँ भवन निर्माणको कार्यलाई व्यवस्थित गरिने छ भन्ने व्यवस्था रहेकोमा उक्त सिफारिस कार्य नगरपालिकाबाट गर्दै जाँदा सेवाग्राहीहरुलाई सिफारिसको लागि नगरपालिका आउन व्यवहारिक नदेखिएको र कार्य सरलीकरण गर्नुपर्नेमा जटिलता तर्फ गएको भन्ने छलफलबाट निश्कर्ष भएकोले नीतिगत व्यवस्था परिवर्तन गरी साबिक बमोजिम वडा कार्यालयबाट सिफारिस उपलब्ध हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ८** नगरपालिका भित्र रहेका नदीनालाहरूमा IEE बाट प्राप्त ढुङ्गा, गिट्टी, बालुवाको परिमाण र नगरपालिकाले तय गरेको दर रेटमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ (ठूला रूपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था) को उपदफा १, २,

CamScanner

३, ४, ५, ६ र ७ बमोजिम प्रक्रिया पुरा गरी माग भई आएमा सोही दफाको उपदफा १ बमोजिम उपलब्ध गराउने साथै दर रेटको सम्बन्धमा गत आ.व.मा प्रतिस्पर्धा भएको दररेट मा औषत दररेट कायम गरी रु. १५ कायम गर्ने समेत निर्णय गरियो।

**निर्णय नं. ९** नगरपालिकाको आत्मनिर्भर तर्फको यात्रा सफल बनाउन नगरपालिकाले तयार गरेको पशुपंक्षी सम्बन्धी तथ्याङ्क र दूधमा आत्मनिर्भर प्रतिवेदन स्वीकृत गरी आत्मनिर्भर घोषणाको प्रक्रियामा संघ तथा प्रदेश सरकारका विषयगत निकायमा पठाउने निर्णय गरियो।

**निर्णय नं. १०** स्थानीय सरकारलाई चलायमान गराउन तथा नागरिक सेवा प्रवाह जनताको घरदैलोमा पुऱ्याउन संघीय कर्मचारी समायोजनबाट प्राप्त कर्मचारी दरबन्दी कम भएको, जनसङ्ख्या र सेवाप्रवाहको मागमा वृद्धि भएकोले यथास्थितिको संगठन संरचनामा पुनर्विचार गर्न आवश्यक भई विषय विशेषज्ञबाट प्राप्त अध्ययन प्रतिवेदनमा उल्लेखित संगठन संरचनालाई स्वीकृत गरी आन्तरिक आय र आवश्यकताको आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११** बाणगङ्गा नगरपालिका वडा नं. ४ मा पर्ने प्रस्तावित बसपार्क तथा वडा नं. ९ मा पर्ने फोहरमैला व्यबस्थापन केन्द्र निर्माणको लागि जग्गा प्राप्ति गर्न आवश्यक प्रक्रिया पुऱ्याई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयमा पठाउने तथा जग्गा प्राप्ति पश्चात यसै आ.व. २०८१।८२ बाट कार्यारम्भ गर्ने गरी बहुवर्षिय योजनाको रुपमा योजना स्वीकृत गरी उक्त आयोजनामा कामशुरु गर्न देहाय बमोजिम रकम सुनिश्चित गर्ने निर्णय गरीयो।

<u>तपसिल</u>

| क्र.सं. | योजनाको नाम | ठेगाना | योजनाको प्रकृति | सुनिश्चित रकम | कार्यारम्भ समय |
|---|---|---|---|---|---|
| १ | बसपार्क निर्माण | वडा नं. ४ | बहुवर्षीय | ५० लाख | २०८१।८२ |
| २ | फोहरमैला व्यवस्थापन केन्द्र | वडा नं. ९ | बहुवर्षीय | ७५ लाख | २०८१।८२ |

**निर्णय नं. १२** जिल्ला प्रशासन कार्यालयको च.नं। २०१५, मिति २०८१।०९।०८ गतेको निर्णय नं. ५ अनुसार बाणगङ्गा नगरपालिकाको वडा नं. ३ र ११ को सिमाना हथौसा स्थित तत्कालिन श्री ५ को सरकारको नाममा साविक हथौसा वडा नं. १ को कित्ता नं. ३०३ को क्षेत्रफल ५-९-३-० ( पाँच विघा नौ कठ्ठा तीन धुर), नेपाल सरकारको नाउँमा दर्ता रहेको साविक गजेहडा गा.वि.स. वडा नं. ३ ख को कित्ता नं. ३६८ र ३६९ को क्रमशः ०-१७-१०-० ( सत्र कठ्ठा दश धुर) र १-११-१२-० (एक विघा एघार कठ्ठा बाह धुर) जग्गा मध्येबाट उत्तरतर्फबाट ३-१-७-० ( तीन विघा एक कठ्ठा सात धुर) जग्गा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन प्रयोजनार्थ उपलब्ध गराउने भनि निर्णय भएको हुँदा सो जग्गा नगरपालिकाको नाममा प्राप्त गर्नको लागि आवश्यक कामकारवाही अगाडी बढाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउन निर्णयार्थ १६ नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

अनुसूची - १

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## १६औं नगरसभा

### नगरसभाको कार्यसूची र समय तालिका

सभा सङ्ख्याः १६

सभा सञ्चालन स्थानः नगरपालिकाको सभाहल

अध्यक्षताः श्री चक्रपाणी अर्याल

मितिः २०८१।०९।२५ गते विहिबार

| मिति | बैठक बस्ने समय | कार्य सूची | सञ्चालन तथा कार्य सूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०९।२५ | | राष्ट्रिय गान(धुन) | | |
| | ११:०० | सभाको सभाध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ११:०५ | कार्यक्रम शुरु भएको घोषणा, सम्बोधन, सहिदहरु प्रति १ मिनेट मौनधारण | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ११:१० | प्रगति विवरण प्रस्तुत (अर्धवार्षिक समीक्षा सहित) | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | १२:०० | आर्थिक ऐन संशोधन (राजस्वका बुँदाहरु थपघट अनुसूची संशोधन) | उप प्रमुख श्री रीता कुमारी चौधरी | |
| | १२:१० | विनियोजन ऐन संशोधन | उप प्रमुख श्री रीता कुमारी चौधरी | |
| | ०१:०० | चालु आर्थिक वर्ष २०८१।०८२ का योजना तथा कार्यक्रम संशोधन र अत्यावश्यक योजनाहरुको बजेट विनियोजन | उप प्रमुख श्री रीता कुमारी चौधरी | |
| | ०१:२० | विधेयक प्रस्तुत (स्वास्थ्य विधेयक) | विधायन समिति संयोजक, श्री बाबुराम अर्याल | |
| | ०१:५० | समसामयिक तथा सार्वजनिक महत्वका विषयहरु प्रस्तुत | नगर प्रवक्ता श्री विष्णु प्रसाद पौडेल | |
| | ०२:२० | नगरसभाबाट निर्णय गर्नुपर्ने विविध प्रस्तावहरु | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०२:४५ | शुन्य समय प्रारम्भ | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०३:१० | पुरस्कार तथा सम्मान | | |
| | ०३:४५ | नगरसभाबाट उठेका विषयहरुको सम्बोधन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०४:०० | नगरसभा समापन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |

## छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

CamScanner

**उपाध्यक्ष ज्यू**
**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु**
**सचिव ज्यू र राष्ट्रसेवक कर्मचारीहरु,**

✓ म आजको यस १६औं नगरसभा सुरुवात भएको जानकारी गराउन चाहन्छु ।

विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र सम्पूर्ण सहिदहरुको सम्झनामा १ मिनेट मौन धारणको लागि सहभागी हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरु र राष्ट्रसेवक कर्मचारीहरुलाई अनुरोध गर्दछु ।

मौन धारणको लागि समय सुरु हुन्छ ..................................

धन्यवाद !

बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रमको आधारमा तयार भई १५औं नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै हालसम्म आईपुग्दा नगरपालिकाले हासिल गरेको क्षेत्रगत प्रगति प्रतिवेदन यस गरिमामय नगरसभामा पेश गर्न चाहन्छु ।

******** **(प्रगति प्रतिवेदन फाईल)**

**<u>नगरसभाका सदस्यज्यूहरु:-</u>**

राजस्व परामर्श समितिबाट छलफल भई दररेटको संशोधनको लागि कार्यपालिकाबाट सिफारिस भई आएका राजस्वका शीर्षकहरुलाई थपघट गर्दा <u>आर्थिक ऐनमा हुने परिवर्तन सहितको संशोधन प्रस्ताव</u> प्रस्तुत गरिदिनुहुन नगर उपप्रमुख श्री रीता कुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु ।

********

प्रस्ताव गर्नुभएकोमा धन्यवाद ।

******

चालु आर्थिक वर्षको विच अवधिसम्म आउँदै गर्दा आर्थिक वर्ष २०८१।०८२ को लागि विनियोजन गरिएका कतिपय योजना तथा कार्यक्रमहरु कार्यान्वयन हुन नसक्ने तथा संशोधन गर्न वाञ्छनीय हुने भएकोले संशोधनका विषयहरु र यसै चालु आर्थिक वर्षमा नगरी नहुने कतिपय योजना तथा कार्यक्रम सञ्चालन गर्दा **विनियोजन ऐनमा हुने संशोधन प्रस्ताव** संसोधित कार्यक्रम तथा योजना प्रस्तुत गरिदिनुहुन नगर उपप्रमुख श्री रीता कुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु ।

****

प्रस्तुत गर्नुभएकोमा धन्यवाद ।

****

**<u>नगरसभाका सदस्यज्यूहरु:-</u>**

स्वास्थ्य जस्तो सम्वेदनशिल विषयमा समय सापेक्ष प्रयोग गरिँदै आएका स्वास्थ्य सम्बन्धी ऐन तथा कार्यविधिहरुमा भएका व्यवस्थाहरुमा भएको केही अपर्याप्तताका कारण बाणगङ्गा नगरपालिकामा स्वास्थ्य सम्बन्धी ऐनको आवश्यकता देखिएकाले स्वास्थ्य विधेयक पेश गर्ने कार्यसूची रहेको छ ।

CamScanner

उक्त विधेयक यस गरिमामय १६औं नगर सभामा प्रस्तुत गरिदिनुहुनका लागि विधायन समितका संयोजक श्री बाबुराम अर्यालज्यूलाई अनुरोध गर्दछु ।

*********

**नगर सभा सदस्यज्यूहरु**

आजको यस १६औ नगरसभामा हालसम्म भएका कार्यक्रम तथा नगर स्तरीय विभिन्न क्रियाकलाप र योजनाहरुको कार्यान्वयनको अवस्थाको विषयमा प्रगति प्रतिवेदन प्रस्तुत गरिएको छ ।

केही राजस्वका शीर्षकहरु थप गर्नुपर्ने भएकोले आर्थिक ऐन संशोधन प्रस्ताव र त्यसैगरी केही योजना तथा कार्यक्रमहरुको संशोधनका कारण विनियोजन ऐन पनि संशोधन हुन जाने हुनाले सोही बमोजिम संशोधन प्रस्ताव नगर उपप्रमुख श्री रिता कुमारी चौधरी मार्फत पेश भएको छ ।

त्यसैगरी विधायन समितिका संयोजक श्री बाबुराम अर्यालद्वारा स्वास्थ्य विधेयक, २०८१ पेश भएको छ ।
नगरपालिकाको समग्र विकासको लागि समसामयिक विषयमा ध्यानाकर्षण गर्न सभासदस्य ज्यूहरुलाई पालैपालो ३ मिनेट समय निर्धारण गरेको छ ।

**यी समग्र विषयमा नगरसभा सदस्यज्यूहरुले आफ्नो जिज्ञाशा वा आफ्नो धारणा राख्न अनुमति दिन चाहन्छु !**

***

नगरसभा सदस्यहरुद्वारा उठान गरिएका विषयवस्तुहरुलाई पंक्तिवद्ध अभिलेख गर्न सचिवालयका कर्मचारी साथीहरुलाई अनुरोध गर्दछु ।

***

**नगरसभा सदस्यहरुले उठान गरेका विषयहरुको सम्बोधन**

*****

**नगरसभा सदस्यहरु:-**

नगर उपप्रमुखद्वारा पेश गरिएका यस नगरसभामा प्रस्तुत भएको बाणगङ्गा नगरपालिकाको आर्थिक ऐन, २०८१ संशोधन र विनियोजन ऐन, २०८१ संशोधनको प्रस्ताव स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यज्यूले हुन्छ भन्नुहोला, मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोला र हुन्न भन्ने सभा सदस्यहरुले हुन्न भन्नुहोला ।

अब म निर्णयार्थ पेश गर्दछु
स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यले हुन्छ भन्नुहोस.....
मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोस् ...
हुन्न भन्ने सभा सदस्यले हुन्न भन्नुहोस.....
यसरी हेर्दा सर्व सम्मत भएको हुँदा पेश भएका आर्थिक ऐन, २०८१ (संशोधन) र विनियोजन ऐन, २०८१ (संशोधन) प्रस्ताव स्वीकृत भएको घोषणा गर्दछु ।

*********

**त्यसैगरी**

विधायन समितिका संयोजक श्री बाबुराम अर्याल मार्फत पेश भएको स्वास्थ्य विधेयक स्वीकृत गर्न पेश गर्दछु। स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यज्यूले हुन्छ भन्नुहोला, मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोला र हुन्न भन्ने सभा सदस्यहरुले हुन्न भन्नुहोला।

अब म निर्णयार्थ पेश गर्दछु
स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यले हुन्छ भन्नुहोस.....
मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोस् ...
हुन्न भन्ने सभा सदस्यले हुन्न भन्नुहोस.....
यसरी हेर्दा सर्व सम्मत भएको हुँदा पेश भएको स्वास्थ्य विधेयक, २०८१ यस नगरसभाबाट स्वीकृत भएको जानकारी गराउन चाहन्छु।

**नगरसभा सदस्यज्यूहरु**

नेपालको संविधानको मर्म बमोजिम संघीय शासनको अवलम्बन गर्दै गर्दा संविधानमा भएका अधिकांश मौलिक हकहरु कार्यान्वयन स्थानीय तहबाट हुने तथा दिगो विकास लक्ष्यका अधिकांस सूचकहरुलाई स्थानीय तहलेनै स्थानीयकरण गर्नुपर्ने प्रावधान रहेको व्यहोरा अवगत गराउन चाहान्छु। हालको यस परिवेश र बाणगङ्गा नगरपालिकाको समग्र विषयवस्तुलाई समेट्ने गरी नगरको **सार्वजनिक महत्वका विषय एवं समसामयिक प्रस्तावहरु** प्रस्तुत गर्ने कार्यसूची बमोजिम नगर प्रवक्ता **श्री बिष्णु प्रसाद पौडेलज्यूलाई** सार्वजनिक महत्वका प्रस्तावहरु यस गरिमामय नगरसभामा पेश गर्न अनुरोध गर्दछु।

*****

**शुन्य समय**

नगरसभा सदस्यज्यूहरु

अव म आज हाम्रो यस नगरसभामा पुरस्कार तथा सम्मानको कार्यक्रम रहेको जानकारी गराउने चाहन्छु।

- नगरको आन्तरिक आय तर्फ वडा कार्यालयको क्षेत्राधिकार भएका राजस्वका शीर्षकहरु अन्तर्गत राजस्व तर्फ सबैभन्दा बढी राजस्व आम्दानी रु. ४२ लाख ४६ हजार ३ सय ९४ रकम आम्दानी गर्ने वडा वडा नं. ८ लाई नगरसभा बाट सम्मान गर्ने कार्यक्रम रहेको छ। राजस्व आँम्दानीमा उत्कृष्ट वडा बन्ने वडा नं. ८ का वडाबासी, करदाता, कर्मचारी, जनप्रतिनिधि सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु र यो सम्मानपत्र ग्रहण गरिदिनुहुन वडा नं. ८ का वडा अध्यक्षलाई म हार्दिक अनुरोध गर्दछु।
- त्यसैगरी यसै नगरपालिका वडा नं. २ को पिपरामा सञ्चालित श्री जनता मा.वि. पिपराले जुन विगतमा SEE परीक्षामा समेत देशकै उत्कृष्ट विद्यालयहरु मध्ये आफ्नो नाम स्थापित गर्न सफल विद्यालय हो। गुणस्तरीय शिक्षाका कारण उक्त विद्यालयले देशकै ब्राण्ड कायम गर्न सफल भएको छ। यो बाणगङ्गा नगरपालिकाको Brand बाणगङ्गा Believe बाणगङ्गाको नारामा एउटा ईटा थपिदिने काम समेत गरेको छ। हाल सामुदायिक विद्यालयमा प्राविधिक शिक्षातर्फ राष्ट्रिय स्तरमा सर्वोत्कृष्ट स्थान प्राप्त गर्न सफल भएकोमा श्री जनता मा.वि. पिपरा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना र हार्दिक बधाई सहित उक्त विद्यालयलाई यस

बाणगङ्गा नगरपालिकाको १६औं नगरसभामा रु. १लाख राशीको पुरस्कार सहित उच्च सम्मान गर्न चाहन्छौ। उक्त पुरस्कार तथा सम्मान ग्रहण गरिदिनुहुनको लागि विद्यालयका प्र.अ. श्री रमेश पन्थी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री हरि प्रसाद पाण्डे लगायत पिपरा विद्यालय परिवारलाई हार्दिक अनुरोध गर्दछु।

१६औं नगरसभाबाट केही प्रस्तावहरु निर्णयमा लैजानु पर्ने आवश्यक देखिएकोले निर्णयार्थ यस नगरसभामा पेश गर्न चाहन्छु।

प्रस्ताव नं. १. ढुङ्गा गिट्टी बालुवा उपलब्ध गराउने सम्बन्धी

प्रस्ताव नं. २. कार्यालयको O & M (संगठन तथा व्यवस्थापन सर्वेक्षण)

प्रस्ताव नं. ३. नगर शिक्षा योजना स्वीकृति

*****

भर्खरै विविध तर अत्यावश्यक प्रस्तावको रुपमा गरेका पेश भएका निर्णयहरु माथि कुनै सदस्यहरुलाई केही कुरा राख्नुपर्ने भएमा सचिवालयमा नाम टिपाउन अनुरोध गर्न चाहन्छु।

बोल्न चाहने सदस्यहरुले विषयवस्तुलाई नदोहोराई संशोधन वा थप घट गर्नुपर्ने निर्णयहरु माथि आफ्नो विकल्प र राय सहित आफ्नो भनाई ३ मिनेटमा राख्न अनुरोध गर्दछु।

***************

<u>नगरसभा सदस्यज्यूहरु</u>

यस १६औं नगरसभामा निर्णार्थ पेश भएका विविध प्रस्तावहरु स्वीकृत गर्न पेश गर्दछु।

स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यज्यूले हुन्छ भन्नुहोला, मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोला र हुन्न भन्ने सभा सदस्यहरुले हुन्न भन्नुहोला।

अब म निर्णयार्थ पेश गर्दछु

स्वीकृत गर्न हुन्छ भन्ने सभा सदस्यले हुन्छ भन्नुहोस.....

मत दिन्न भन्ने सभा सदस्यले मत दिन्न भन्नुहोस् ...

हुन्न भन्ने सभा सदस्यले हुन्न भन्नुहोस.....

यसरी हेर्दा सर्व सम्मत भएको हुँदा पेश भएको स्वास्थ्य विधेयक, २०८१ यस नगरसभाबाट स्वीकृत भएको जानकारी गराउन चाहन्छु।

<u>नगरसभा सदस्यज्यूहरु</u>

हामी यस नगरसभाको अन्त्यतिर आईसकेका छौं। साधन स्रोतको उपलब्धताको आधारमा नगरसभा सदस्यहरुले उठाएका विषयवस्तुहरुलाई प्राथमिकतामा राख्ने प्रतिवद्धता जनाउँदै यस नगरसभा सम्पन्न गर्नको लागि सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद दिँदै आजको यो १६औं नगरसभा सम्पन्न भएको घोषणा गर्दछु।

धन्यवाद।

चक्रपाणि अर्याल

नगर प्रमुख

CamScanner

अनुसूची-२
( १६औं नगरसभाको निर्णय नं. २ सँग सम्बन्धित)

## अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८१ मा संशोधन प्रस्ताव

श्रीमान् सभाध्यक्षज्यू ,
नगरसभाका सचिवज्यू,
नगरसभाका सदस्यज्यूहरु,
विभिन्न शाखाका शाखा प्रमुख तथा कर्मचारी मित्रहरु,

आज यस बाणगङ्गा नगरपालिकाको १६ औं नगरसभाको बैठकमा बाणगङ्गा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८१ मा करका दरहरुमा थप र संशोधन गर्नुपर्ने भएको हुँदा यो संशोधन प्रस्ताव गरीमामय नगरसभामा पेश गर्न पाउँदा खुसी लागेको छ ।

यस बाणगङ्गा नगरपालिकाले आ.ब. २०८१।८२ का लागि लिने र लिदैं आएको कर, शुल्क र दस्तुर लिने प्रक्रियालाई पारदर्शी बनाउने करका दरहरुलाई घटाउने, बढाउने वा समयानकूल संशोधन गर्नुपर्ने भएकोले यो संशोधन प्रस्ताव पेश गर्ने अनुमती चाहन्छु ।

बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त राजस्व संकलन गर्ने, करका दरहरुलाई घटाउने बढाउने तथा समयानुकुल परिमार्जन गर्ने, छुट तथा सहुलियत दिने, करका आधारहरु विस्तार गर्ने तथा राजस्व प्रशासनलाई पारदर्शी, जवाफदेही, जिम्मेवारी एवं न्यायपूर्ण बनाउन आवश्यक वाञ्छनिय भएकोले नेपालको संविधान, २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम यो संशोधन प्रस्ताव यो गरिमामय सभामा पेश गरेकी छु ।

**आर्थिक ऐन २०८१ को अनुसूची - १ को क्र.सं. १०२ मा बाटोको लगत कट्टा सिफारिस रु. ५००।- शीर्षक थप गरिएको छ ।**

**अनुसूची - ३ व्यवसाय करको निम्न शीर्षकहरु थप गरिएको छ ।**

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | निजी विद्यालय | | |
| | मन्टेश्वरी तथा पूर्व प्राथमिक तह | ३०००।- | |
| | आधारभूत तह | ५०००।- | |
| | माध्यमिक तह | १००००।- | |
| | क वर्ग र क्याम्पस तथा उच्च तह | १५०००।- | |
| २. | एग्रोभेट र बिउबिजन बिक्री | | |
| | ३ लाख सम्म | १०००।- | |
| | ५ लाख सम्म | २०००।- | |
| | १० लाख सम्म | ३०००।- | |
| | १० लाख भन्दा माथी | ५०००।- | |
| ३. | कृषि औजार - यान्त्रिक औजार उपकरण बिक्री | | |
| | ५ लाख सम्म | २०००।- | |
| | १० लाख सम्म | ३०००।- | |

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| | २० लाख सम्म | ५०००।- | |
| | २० लाख भन्दा माथी | ७०००।- | |
| ४. | खानेपानी संस्थाको दर्ता/नविकरण दस्तुर | | |
| | दर्ता दस्तुर | २०००।- | |
| | नविकरण दस्तुर | १०००।- | |
| ५. | क्र.सं. २७ मा भाँडा वर्तन पसल/पूजा सामाग्री | | पूजा सामाग्री शीर्षक थप |
| ६. | क्र.सं. १.१२ मा फर्निचर सोरुम/ग्लास हाउस | | ग्लास हाउस शीर्षक थप |

अनुसूची - ९ को क्र.सं. २४ ख सम्पती मूल्याङ्कन सिफारिस ६ लाख सम्मको रु.८००।- र सो भन्दा माथी ०.१ प्रतिशतका दरले छुटेको शीर्षक थप गरिएको छ।

अनुसूची-१६ प्राकृतिक स्रोत संकलन र विक्री शुल्कमा निम्नानुसारको संशोधन/परिमार्जित प्रस्ताव पेश गर्दछु।

| विषय/शिर्षक | एकाई | २०८१ को दर रु. | संशोधन गर्नुपर्ने दर रु. | कैफियत |
|---|---|---|---|---|
| ढुङ्गा, गिट्टी बालुवा चुनढुङ्गा ग्राभेल खरीढुङ्गा स्लेट आदी। | प्रति क्यू. फिट | १०।- | १०।- | |
| माटो (निजी जग्गाको माटो समेत) | प्रति क्यू. फिट | ३।- | ४।- | |
| ईटाँ पार्ने माटो (निजी जग्गाको समेत) | प्रति क्यू. फिट | ४।- | ५।- | |
| दहत्तर बहत्तर | प्रति के.जी. | २।- | ३।- | |
| भसकट | प्रति क्यू. फिट | ४।- | ५।- | |

प्रस्तुतकर्ताः
राजस्व परामर्श समिति संयोजक एवं
नगर उप-प्रमुख
रिता कुमारी चौधरी

अनुसूची - ३

| क्षेत्रगत | क्र. स. | साविक योजना/कार्यक्रम (रु.हजारमा) योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|---|
| वडा न. १ | १ | कार्यक्रम खर्च | १०० | १ | बैदालीको घरनिरको पक्की कल्भर्ट देखि पश्चिम तर्फ कूलोको वाल निर्माण | ० | १०० | १०० |
| | २ | वडावासी र विद्यार्थीसंग वडाध्यक्ष | ६५.६ | २ | सार्वजनिक सुनुवाई कार्यक्रम | ० | ६५.६ | ६५.६ |
| | ३ | कमल क्षत्रिको घरदेखि सुमन अर्यालको घरसम्म पि.सि.सि. ढलान | ९२० | ३ | गजेहडा पुल देखि प्रेम थापाको घरसम्म पि.सि.सि. ढलान | ० | ९२० | ९२० |
| | ४ | बुंची मर्थिटोलमा नाली निर्माण (प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट) | २७८ | ४ | बुंची मर्थिटोलमा नाली निर्माण | ० | २७८ | २७८ |
| | ५ | बैरिया टोलमा नाली तथा कूलो निर्माण (प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट) | ३०० | ५ | बैरिया टोलमा नाली तथा कूलो निर्माण | ० | ३०० | ३०० |
| वडा न. २ | १ | बिसनपुरा पुरानो डिहदेखि झुंगा जोड्ने सडक कालोपत्रे | ५०० | १ | बिसनपुरा पुरानो डिहदेखि झुंगा जोड्ने सडक कालोपत्रे | ५०० | ५०० | ० |
| | २ | गब्दैया सडक स्तरोन्नति | ५०० | २ | गब्दैया सडक स्तरोन्नति | ५०० | २०५ | ७०५ |
| | ३ | राधाकृष्ण मन्दिर पश्चिम पक्की नाली निर्माण तथा दक्षिण जाने बाटो ग्रभेल | ७०० | ३ | कर्महना कूलो पक्की तथा दक्षिण जाने बाटो ग्रभेल | ० | ७०० | ७०० |
| | ४ | गोबड्डिहवा गाउको दक्षिण देखि पूर्व तीनकुने चोक जोड्ने सडक पक्की | ६०० | ४ | गोबड्डिहवा गाउको दक्षिण देखि पूर्व तीनकुने चोक जोड्ने सडक पक्की | ६०० | २९५ | ८९५ |
| | ५ | महिला लक्षित कार्यक्रम अन्तर्गत तीज विशेष, महिला सहकारी समेत | ३५० | ५ | महिला लक्षित कार्यक्रम अन्तर्गत तीज विशेष, महिला सहकारी, सुत्केरी महिलालाई किटनाशक झुल वितरण | ० | ३५० | ३५० |
| | १ | ईन्टरनेट बिस्तार तथा महशुल नविकरण | १०० | १ | ईन्टरनेट बिस्तार तथा महशुल नविकरण | १०० | ५० | ५० |
| | २ | खेलकूद प्रतियोगिताहरु तथा मेयर कप तयारी तथा खेल सामग्री बितरण | २५० | २ | खेलकूद प्रतियोगिताहरु तथा मेयर कप तयारी तथा खेल सामग्री बितरण | २५० | ५० | ३०० |

CamScanner

| | साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| वडा न. ४ | ३ | गर्भवति तथा सुत्केरी महिलालाई पौष्टिक आहार वितरण | १०० | ३ | गर्भवति तथा सुत्केरी महिलालाई पौष्टिक आहार वितरण | १०० | ५० | १५० |
| | ४ | बालमैत्री तथा किशोर किशोरी अभिमुखीकरण कार्यक्रम | १५० | ४ | बालमैत्री तथा किशोर किशोरी अभिमुखीकरण कार्यक्रम | १५० | ५० | १०० |
| | ५ | नेवार समुदायको लाखे नांच पर्व प्रबर्द्धन | ५० | ५ | नेवार समुदायको लाखे नांचको सामग्री खरीद तथा वितरण | ० | ५० | ५० |
| | ६ | महिला स्वास्थ्य स्वयमसेविकालाई व्याग र छाता वितरण | ५० | ६ | महिला स्वास्थ्य स्वयमसेविकालाई व्याग, छाता, सल र जुत्ता वितरण | ० | ५० | ५० |
| | ७ | थारु महिला समुह/ नमुना दलित/ सिद्धिपुर डिउहार अधुरो भवन निर्माण | १००० | ७ | थारु महिला भवन निर्माण | ० | ६०० | ६०० |
| | | | | ८ | ठाकुरापुर राम कुमार थारुको घर पूर्व वाल निर्माण | ० | १०० | १०० |
| | | | | ९ | सिद्धिपुर अधुरो डिउहार भवन निर्माण | ० | ३०० | ३०० |
| | ८ | सि.सि. क्यामरा/डिजिटल बोर्ड निर्माण | १००० | १० | सि.सि. क्यामरा जडान | ० | १००० | १००० |
| | ९ | सडक बत्ति/टावर लाईट | २००० | ११ | जवईको नाली तथा बाटो स्तरोन्नति | ० | १८०० | १८०० |
| | | | | १२ | नमुना दलित भवन हरिहरपुर | ० | २०० | २०० |
| | १० | कार्यालय संचालन तथा मसलन्द | ८० | १३ | कार्यालय संचालन तथा मसलन्द | ८० | १० | ७० |
| | ११ | ईन्धन खर्च | ३० | १४ | ईन्धन खर्च | ३० | १० | ४० |
| वडा न. ५ | १ | कृषि विकास, पशुपंक्षीपालन कार्यक्रम तथा सामग्री वितरण | ४५० | १ | कृषि विकास, पशुपंक्षीपालन कार्यक्रम तथा सामग्री वितरण | ४५० | १५० | ३०० |
| | | | | २ | ईलाका प्रहरी कार्यालय अगाडि दुर्गा मन्दिर ट्रस निर्माण | ० | १५० | १५० |
| | २ | धार्मिक स्थल संरक्षण र सम्वर्द्धन | ४०० | ३ | कोपवा शिब मन्दिर | ० | २०० | २०० |
| | | | | ४ | स्वास्थ्य चौकी किनारको दुर्गा नन्दिर | ० | १०० | १०० |
| | | | | ५ | मटेरिया शिब मन्दिर | ० | १०० | १०० |
| | १ | जनजाती सस्कृति प्रबर्द्धन कार्यक्रम तथा पोशाक वितरण | ८० | १ | जनजाती सस्कृति प्रबर्द्धन कार्यक्रम (गुरुंग, मगर) | ० | ८० | ८० |
| | २ | महायज्ञ तथा योग शिबिर | १५० | २ | महायज्ञ तथा योग शिबिर कार्यक्रम | १५० | ५० | १०० |
| | | | | ३ | अपांग लक्षित कार्यक्रम | ० | ५० | ५० |

| क्षेत्रगत | क्र. स. | साविक योजना/कार्यक्रम (रु.हजारमा) योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|---|
| वडा न. ६ | ३ | आई.पि.एम. पाठशाला | १०० | ४ | ज्ञानोदय आधारभुत विद्यालयका विद्यार्थीहरुलाई न्यानो कपडा वितरण | ० | १०० | १०० |
| | ४ | प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम अन्तर्गत पिताम्बरको घरदेखि तुल बहादुर गुरुंगको घरसम्म कूलो निर्माण | २५० | ५ | पिताम्बरको घरदेखि तुल बहादुर गुरुंगको घरसम्म कूलो निर्माण | ० | २५० | २५० |
| | ५ | वडाभित्रका प्रत्येक गाउटोल चिनारी साईन बोर्ड कार्यक्रम | २०० | ६ | वडाभित्रका प्रत्येक गाउटोल चिनारी साईन बोर्ड कार्यक्रम | २०० | ५० | १५० |
| | ६ | स्वास्थ्य शिबिर निरन्तरता | १०० | ७ | तीन मोहना देखि सुईलिहवा मन्दिरसम्म कूलो तथा बाटो स्तरोन्नति | ० | १५० | १५० |
| वडा न. ७ | १ | थारु संस्कृति संरक्षण पोशाक | १२० | १ | थारु संस्कृति संरक्षण पोशाक | १२० | ६० | ६० |
| | २ | दलित महिला पन्चेबाजा तालिम र बाजा बितरण | २५० | २ | दलित महिला पन्चेबाजा तालिम र बाजा बितरण | २५० | ५० | २०० |
| | | | | ३ | आन्तरिक पर्यटन प्रबर्द्धन कार्यक्रम | ० | ११० | ११० |
| | ३ | धैरेनी डांडा दुर्गा मन्दिर पश्चिम गल्लि ढलान | १०० | ४ | धैरेनी डांडा दुर्गा मन्दिर पश्चिम गल्लि ढलान | १०० | १०० | ० |
| | ४ | फुसको छाना हटाऔ कर्कट पाता लगाऔ अभियान निरन्तरता | ३०० | ५ | फुसको छाना हटाऔ कर्कट पाता लगाऔ अभियान निरन्तरता | ३०० | १०० | ४०० |
| वडा न. ८ | १ | जनजाती महिला समुहलाई पन्चे बाजा | २०० | १ | जनजाती महिला समुह र जेष्ठ नागरीकलाई बाजा खरीद | ० | १५० | १५० |
| | २ | बिपन्न थारु, दलित, मुस्लिम सहयोग कार्यक्रम | २५० | २ | बिपन्न थारु, दलित, मुस्लिम सहयोग कार्यक्रम | २५० | ५० | २०० |
| | | | | ३ | मगर समुदाय संकृति संरक्षण | ० | १०० | १०० |
| | ३ | बिच्लारी कल्भर्ट देखि त्रिलोक मार्ग सडक स्तरोन्नति | २००० | ४ | त्रिलोकमार्ग लेखनाथको घरदेखि उत्तर बिचलारी कल्भर्ट तर्फको सडक ढलान | ० | २००० | २००० |
| | ४ | लौगाई भागिरथी फर्मदेखि पश्चिम ढोडेकोल जाने ठूलो कूलो र ढोडेकोल कूलोमा कल्भर्ट निर्माण | ५०० | ५ | मधुवन खानेपानी टंकी पछाडी कल्भर्ट निर्माण | ० | २०० | २०० |
| | | | | ६ | धनेशपुर बिनोद पाण्डेको घर नजिक नाली निर्माण | ० | १०० | १०० |
| | | | | ७ | मधुवन लौगाई सिमानाको अधुरो कल्भर्ट निर्माण | ० | १०० | १०० |
| | | | | ८ | सिसेनी मुढे बाबा मन्दिर मर्मत | ० | १०० | १०० |

| साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| वडा न. ९ | १ | मसलन्द तथा कार्यालय सामग्री | ८० | १ | मसलन्द तथा कार्यालय सामग्री | ८० | ३० | ५० |
| | २ | ईन्धन खर्च | ३० | २ | ईन्धन खर्च | ३० | ३० | ६० |
| वडा न. १० | १ | अहिरौली देखि पटना सडक स्तरोन्नति- १६ लाख, पटना गाउं अधुरो नाली निर्माण ४ लाख | २००० | १ | अहिरौली देखि पटना सडक स्तरोन्नति | ० | १६०० | १६०० |
| | | | | २ | पटना गाउं अधुरो नाली निर्माण | ० | ४०० | ४०० |
| | २ | अधुरो सामुदायिक भवन निर्माण ( मेचकुरी डांडा - ३ लाख, पिपरा - २ लाख ५० हजार, गोगापुर - ३ लाख, सानो गलाह - ३ लाख , भावपुर - २ लाख ५० हजार, मोतिपुर - २ लाख ५० हजार) | १६५० | १ | मेचकुरी डांडा अधुरो सामुदायिक भवन निर्माण | ० | ३०० | ३०० |
| | | | | २ | पिपरा अधुरो सामुदायिक भवन निर्माण | ० | २५० | २५० |
| | | | | ३ | गोगापुर अधुरो सामुदायिक भवन निर्माण | ० | ३०० | ३०० |
| | | | | ४ | सानो गलाह अधुरो सामुदायिक भवन निर्माण | ० | ३०० | ३०० |
| | | | | ५ | भावपुर अधुरो सामुदायिक भवन निर्माण | ० | २५० | २५० |
| | | | | ६ | मोतिपुर अधुरो सामुदायिक भवन निर्माण | ० | २५० | २५० |
| | ३ | आदिवासी जनजाति कार्यक्रम | १०० | ७ | थारु संस्कृति कार्यक्रम | ० | ६० | ६० |
| | | | | ८ | मगर संकृति कार्यक्रम | ० | ४० | ४० |
| | ४ | वडाको बिभिन्न स्थानमा विद्युत पोल तार बिस्तार | ७५० | ९ | वडाको बिभिन्न स्थानमा विद्युत पोल तार बिस्तार | ७५० | २०० | ५५० |
| | | | | १० | पकडी चापा क्याप्टी बोरिंग जडान | ० | २०० | २०० |
| वडा न. ११ | १ | दलित महिलालाई सिलाई कटाई तालिम | १०० | १ | दलित घर परिवारलाई स्प्रे टंकी बितरण तालिम | ० | १०० | १०० |
| | २ | मुस्लिम समुदायको कबरस्थान तारवार | १०० | २ | मुस्लिम समुदायको कबरस्थानमा माटो पटान | ० | १०० | १०० |
| | १ | फोहरमैला व्यवस्थापन | ४००० | १ | फोहरमैला व्यवस्थापन | ४००० | ४००० | ० |
| | २ | बाणगंगा चक्रपथ निर्माण | १५०० | २ | बाणगंगा चक्रपथ निर्माण | १५०० | १५०० | ० |
| | | | | ३ | गोबड्डिहवा कूलो निर्माण | ० | २००० | २००० |
| | | | | ४ | बैजलपुर पश्चिम टोल कुलो पक्की | ० | १५०० | १५०० |
| | | | | ५ | राजमार्ग देखि तिनैया जाने कुलो पक्की | ० | ५०० | ५०० |
| | | | | ६ | बिसनपुरा कुलो पक्की | ० | ५०० | ५०० |
| | | | | ७ | नन्दनगर कैलाश आश्रम अगाडीको कुलो पक्की | ० | ५०० | ५०० |

| साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| | | | | ८ | मटेना कूलो निर्माण गजेहडा | ० | ५०० | ५०० |
| | | | | ९ | बसिया कूलो निर्माण गजेहडा | ० | ५०० | ५०० |
| | | | | १० | कुबेरपुर कूलो निर्माण | ० | ५०० | ५०० |
| | | | | ११ | अकाली थारुको घरदेखि दक्षिण जाने बाटो | ० | ५०० | ५०० |
| | | | | १२ | दरखास्त नाली निर्माण | ० | ५०० | ५०० |
| | | | | १३ | हरिहरपुर नाली तथा बाटो निर्माण | ० | ५०० | ५०० |
| | | | | १४ | डुंगहवा कूलो तथा नाली निर्माण | ० | ५०० | ५०० |
| | | | | १५ | सिद्धिपुर बाटो स्तरोन्नति | ० | ५०० | ५०० |
| | | | | १६ | हरिहरपुर बगैचामा प्रतिक्षालय निर्माण | ० | ३०० | ३०० |
| | | | | १७ | सिद्धिपुर सामुदायिक अस्पताल नजिक नाला व्यवस्थापन | ० | ३०० | ३०० |
| | ३ | ५०/५० लागत सहभागिता पूर्वाधार निर्माण | २५००० | १८ | झुंगा टोल बाटो स्तरोन्नति | ० | ३०० | ३०० |
| | | | | १९ | चण्डेश्वरी मन्दिर ठाकुरापुर | ० | ३०० | ३०० |
| | | | | २० | जवैया मूल संरक्षण तथा सौन्दर्यीकरण | ० | ६०० | ६०० |
| | | | | २१ | चम्कीपुर सामुदायिक अधुरो भवन निर्माण | ० | ५०० | ५०० |
| | | | | २२ | ठांटी सामुदायिक अधुरो भवन निर्माण | ० | ५०० | ५०० |
| | | | | २३ | मधौली कूलो निर्माण | ० | ५०० | ५०० |
| | | | | २४ | उप्टहवा अधुरो सामुदायिक भवन निर्माण | ० | ५०० | ५०० |
| | | | | २५ | जीतपुर सामुदमयिक भवन | ० | ५०० | ५०० |
| | | | | २६ | बुंची नाली निर्माण | ० | ५०० | ५०० |
| | | | | २७ | एकान्त रेष्टुरेन्ट देखि क्रसर जाने सडक स्तर उन्नति | ० | ७०० | ७०० |
| | | | | २८ | बांडी गाउको अधुरो सडक र बम्हवा पूर्व नयांगाउ जोड्ने सडक | ० | ५००० | ५००० |
| | | | | २९ | नव प्रभात सामुदायिक कूलो निर्माण वडा न. ८ | ० | ४००० | ४००० |
| | | | | ३० | मधुवन रिचार्ज पोखरी निर्माण तथा कूलो निर्माण | ० | १००० | १००० |

| क्षेत्रगत | क्र. स. | सावीक योजना/कार्यक्रम (रु.हजारमा) योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ३१ | भर्तापुर शिबालय मन्दिर देखि भर्लाबास जोड्ने सडक स्तरोन्नति | ० | ४००० | ४००० |
| | | | | ३२ | शिब मन्दिर सामुदायिक वन | ० | १००० | १००० |
| | | | | ३३ | ब्रहमाकुमारी ओम शान्ति भवन निर्माण | ० | १००० | १००० |
| | ४ | ७०/३० लागत सहभागिता पूर्वाधार निर्माण | १०००० | ३४ | उत्तमनगर अधुरो सामुदायिक भवन निर्माण वडा न. १ | ० | १२०० | १२०० |
| | | | | ३५ | सरु साईकल देखि जितपुर जाने सडक स्तर उन्नति र सौन्दर्यीकरण | ० | ५०० | ५०० |
| | | | | ३६ | सिद्धार्थ मा.वि. शैक्षिक व्यवस्थापन एंव पूर्वाधार निर्माण | ० | ७०० | ७०० |
| | | | | ३७ | कपिलवस्तु हाट बजार व्यवस्थापन समितिलाई कम्प्यूटर खरीद | ० | १०० | १०० |
| | | | | ३८ | ठांटी पश्चिम चौपारी देखि दक्षिण वडा न. ५ को सिमानासम्म सडक स्तरोन्नति | ० | ६५० | ६५० |
| | | | | ३९ | धन्कौली जाने पुरानो बाटो हुदै झुंगा दुर्गा मन्दिरसम्म सडक स्तरोन्नति | ० | ८५० | ८५० |
| | | | | ४० | कुबेरपुर कुलो निर्माण | ० | ८०० | ८०० |
| | | | | ४१ | गजेहडा लांघाली टोलको सडक स्तरोन्नति | ० | ७०० | ७०० |
| | | | | ४२ | शंकर क्षत्रिको घर अगाडिको सडक स्तरोन्नति | ० | ५०० | ५०० |
| | | | | ४३ | कोटेश्वर नाथ अधुरो शिब मन्दिर निर्माण कोपवा | ० | ५०० | ५०० |
| नगर स्तरीय | ५ | आन्तरीक आय | १००० | ४४ | शालिकराम खनालको खेत देखि कालु नेपालीको खेतसम्म कूलो निर्माण | ० | ५०० | ५०० |
| | | | | ४५ | बनकसिया गाउमा तारबार | ० | ४०० | ४०० |
| | | | | ४६ | मनोहरापुर गाउमा सडक पि.सि.सि. | ० | १०० | १०० |
| | | | | ४७ | झुलनीपुर गाउमा सडक पि.सि.सि. | ० | २०० | २०० |
| | | | | ४८ | भगलापुर गाउमा सडक स्तरोन्नति र नाली निर्माण | ० | ३०० | ३०० |
| | | | | ४९ | ओशो आश्रम पुर्वाधार निर्माण | ० | ५०० | ५०० |
| | | | | ५० | खानेपानी टंकी जिनुवा सडक स्तरोन्नति | ० | १५०० | १५०० |
| | | | | ५१ | जयपुर भेलरैया सामुदायिक भवन निर्माण | ० | १२०० | १२०० |
| | | | | ५२ | जनबेर्थी सामुदायिक वनको अधुरो भवन निर्माण | ० | ८०० | ८०० |

CamScanner

| साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| | | | | ५३ | हेमराज मा.वि. साईकल स्ट्याण्ड निर्माण | ० | १००० | १००० |
| | | | | ५४ | ओदारी मा.वि. पूर्वाधार निर्माण ( क्यान्टिन, बजार टहरा समेत ) | ० | १००० | १००० |
| | ६ | शैक्षिक सस्था मर्मत तथा पूर्वाधार विकास | ५००० | ५५ | शैक्षिक सस्था मर्मत तथा पूर्वाधार विकास | ५००० | ५५२३ | १६३७ |
| | ७ | पूर्वाधार निर्माण तथा संरचनात्मक सुधार खर्च | २१६० | ५६ | पूर्वाधार निर्माण तथा संरचनात्मक सुधार खर्च | २१६० | २१६० | ० |
| | | | | ५७ | भर्तापुर आ.वि. भवन पूर्वाधार निर्माण | ० | ७३७ | ७३७ |
| | | | | ५८ | नव दुर्गा नि. मा. वि. भवन पूर्वाधार निर्माण | ० | ८५१ | ८५१ |
| | | | | ५९ | ओदारी मा.वि. भवन पूर्वाधार निर्माण | ० | १८७१ | १८७१ |
| | | | | ६० | पन्व आ.वि. भवन पूर्वाधार निर्माण | ० | १०७३ | १०७३ |
| | | | | ६१ | सूर्योदय मा.वि. बरवा भवन पूर्वाधार निर्माण | ० | ८१४ | ८१४ |
| | | | | ६२ | बाल ज्योति आ.वि. भवन पूर्वाधार निर्माण | ० | १७७ | १७७ |
| | ८ | नगर प्रहरी पारिश्रमिक तथा पोशाक खर्च | ५००० | ६३ | नगर प्रहरी पारिश्रमिक तथा पोशाक खर्च | ५००० | २००० | ३००० |
| | ९ | नगर प्रहरी राशन तथा व्यवस्थापकीय खर्च | १८०० | ६४ | नगर प्रहरी राशन तथा व्यवस्थापकीय खर्च | १८०० | १००० | ८०० |
| | १० | कार्यालय रंग रोगन, मर्मत सुधार सौन्दर्यीकरण | १०००० | ६५ | कार्यालय रंग रोगन, मर्मत सुधार सौन्दर्यीकरण | १०००० | २००० | ८००० |
| | | | | ६६ | नगर प्रहरी आवास तथा सभाहल निर्माण | ० | २००० | २००० |
| | ११ | सेवा र परामर्श खर्च | २००० | ६७ | बसपार्कको सम्भाव्यता अध्ययन | ० | १५० | १५० |
| | | | | ६८ | फोहरमैला व्यवस्थापनका लागि सम्भाव्यता अध्ययन | ० | १५० | १५० |
| | | | | ६९ | फोहरमैला व्यवस्थापनका लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन | ० | ५०० | ५०० |
| | | | | ७० | कृषि उपज संकलन केन्द्रको वातावरणीय प्रभाव मूल्यांकन | ० | १२०० | १२०० |
| | १२ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ७०० | ७१ | कर्मचारी पुरस्कार | ७०० | ४०० | ३०० |
| | | | | ७२ | विद्यालय एंप शैक्षिक सस्था पुरस्कार | ० | २०० | २०० |
| | | | | ७३ | उपभोक्ता समिति एंव संघ सस्था पुरस्कार | ० | २०० | २०० |

| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|---|
| साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | |
| | १३ | एकिकृत घुम्ति शिबिर | ६०० | ७४ | एकिकृत घुम्ति शिबिर | ६०० | २०० | ४०० |
| | | | | ७५ | नगरपालिका वृत चित्र निर्माण | ० | २०० | २०० |
| | १४ | छाडा चौपाया व्यवस्थापन पूर्वाधार निर्माण | २००० | ७६ | छाडा चौपाया व्यवस्थापन पूर्वाधार निर्माण | २००० | २५० | १७५० |
| | | | | ७७ | भागिरथि गौशाला व्यवस्थापन | ० | २५० | २५० |
| | १५ | मेशिनरी तथा औजार | ४५०० | ७८ | मेशिनरी तथा औजार | ४५०० | १५० | ४३५० |
| | १६ | सवास्थ्य सस्थाहरुमा ई हाजिरी जडान | ४०० | ७९ | सवास्थ्य सस्थाहरुमा ई हाजिरी जडान | ४०० | १५० | ५५० |
| | १५ | नदि नियन्त्रण तथा तटवन्ध | ५००० | ८० | उप्टहवा पश्चिम एक्ले पिपल बाणगंगा नदिमा तटवन्ध | ० | २००० | २००० |
| | | | | ८१ | धनेशपुर खेल मैदान पूर्व बाणगंगा नदिमा तटवन्ध | ० | १००० | १००० |
| | | | | ८२ | खुटेनी कजवे पश्चिम बाणगंगा नदिमा तटवन्ध | ० | १००० | १००० |
| | | | | ८३ | बनकसिया बाणगंगा नदिमा तटवन्ध | ० | १००० | १००० |
| | १६ | सार्वजनिक जग्गा संरक्षण | १५०० | ८४ | सार्वजनिक जग्गा संरक्षण | १५०० | १५०० | ० |
| | १६ | पत्रकार महासंघको अधुरो सूचना भवन निर्माण | ५०० | ८५ | पत्रकार महासंघको अधुरो सूचना भवन निर्माण | ५०० | ५०० | ० |
| | | | | ८६ | मालपोत तथा नापी कार्यालय व्यवस्थापन बोर्डगाउ | ० | २००० | २००० |
| महिला बालबालिका | १ | महिलाहरुका लागि सीप, नेतृत्व तथा क्षमता विकास कार्यक्रम | ६०० | १ | महिलाहरुका लागि सीप, नेतृत्व तथा क्षमता विकास कार्यक्रम | ६०० | ४५० | १५० |
| | | | | २ | ३ दिने उद्धघोषण तथा पत्रकारिता तालिम | ० | ५० | ५० |
| | २ | दलित युवा युवतिहरुका लागि सीप तथा क्षमता विकास कार्यक्रम | २०० | ३ | दलित युवा युवतिहरुका लागि सीप तथा क्षमता विकास कार्यक्रम | २०० | २०० | ४०० |
| | ३ | अपांगता भएका व्यक्तिहरुका लागि सहायक सामग्री खरीद तथा वितरण | २०० | ४ | अपांगता भएका व्यक्तिहरुका लागि सहायक सामग्री खरीद तथा वितरण | २०० | २०० | ४०० |
| | ४ | महिलासंग उप प्रमुख सीप विकास कार्यक्रम | २५०० | ५ | ग्राफिक्स डिजाईन एण्ड फोटो ग्राफर सिप विकास तालिम | ० | २०० | २०० |
| | | | | ६ | एडभान्स कम्प्युटर तथा मोबाइल हार्डवयर तालिम | ० | ५०० | ५०० |
| | | | | ७ | भान्सामा लगाउने जुत्ता बनाउने तालिम | ० | २५० | २५० |
| | | | | ८ | कागजका झोला तथा अन्य वस्तु बनाउने तालमि | ० | ४०० | ४०० |

| साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| | | | | ९ | गुणस्तरीय अचार बनाउने तालिम | ० | २५० | २५० |
| | | | | १० | मस्यौरा र सिन्की बनाउने तालिम वडा न. ४ | ० | २०० | २०० |
| | | | | ११ | मनरा बजाउने तालिम | ० | २०० | २०० |
| | | | | १२ | कफि वारिष्ट | ० | ५०० | ५०० |
| न्यायिक | १ | न्यायिक समिति सूचना प्रणाली तथा सफ्टवेयर सम्वन्धि तालिम | १०० | १ | न्यायिक समिति सूचना प्रणाली तथा सफ्टवेयर सम्वन्धि तालिम | १०० | १०० | ० |
| | २ | न्यायिक समिति तथा मेलमिलापकर्ताहरुका लागि अन्तरपालिका अनुभव आदन प्रदान | २५० | २ | न्यायिक समिति तथा मेलमिलापकर्ताहरुका लागि अन्तरपालिका अनुभव आदन प्रदान | २५० | १०० | ३५० |
| शिक्षा | १ | अभिभावक शिक्षा Happy Education सम्वन्धि अभिमुखिकरण | २०० | १ | बालमैत्रि सहज कर्ताको क्षमता अभिबृद्धि कार्यक्रम | ० | २०० | २०० |
| | २ | खेलकूद शिक्षक तालिम | १५० | २ | धार्मिक विद्यालय (मदरसा) व्यवस्थापन संचालन अनुदान | ० | १५० | १५० |
| | ३ | बृहद शैक्षिक भेला | २०० | ३ | बृहद शैक्षिक भेला | २०० | १०० | ३०० |
| | ४ | वडागत सबै शैक्षिक सस्थाको सहभागितामा शैक्षिक सुधारका लागि जन प्रतिनिधि सहित अन्तक्रिया प्रति वडा ५० हजार | ५५० | ४ | विद्यालय भौतिक पूर्वाधार मर्मत सुधार | ० | ४५० | ४५० |
| स्वास्थ्य | १ | दिर्घ रोगिहरुको नियमित जांचका लागि गौतमबुद्ध मुटु अस्पतालको यातायात खर्च व्यवस्थापन | ३०० | १ | विद्यालयमा अध्ययनरत किशोरीहरुको लागि रक्त अल्पता परीक्षण कार्यक्रम | ० | ४५० | ४५० |
| | २ | निजी स्वास्थ्य सस्थाहरुलाई HIMS/DHIS2 तालिम संचालन तथा त्रैमासिक बैठक खर्च | १५० | | | | | |
| कृषि | १ | साप्ताहिक हाटबजार कृषक स्टल व्यवस्थापन तथा सदृढीकरण सहयोग | ५०० | १ | साप्ताहिक हाटबजार कृषक स्टल व्यवस्थापन तथा सदृढीकरण सहयोग | ५०० | ३५० | १५० |
| | २ | उन्नत प्रविधी प्रदर्शनको लागि प्लाष्टिक टनेल स्थापना तथा व्यवस्थापन | ५०० | २ | उन्नत प्रविधी प्रदर्शनको लागि प्लाष्टिक टनेल स्थापना तथा व्यवस्थापन | ५०० | ३५० | ८५० |

| साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| भूमि | १ | भूमिहिन दलित भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नाप नक्साको लागि उपकरण तथा मसलन्द खर्च | ७०० | १ | भूमिहिन दलित भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नाप नक्साको लागि उपकरण तथा मसलन्द खर्च | ७०० | १०० | ६०० |
| | २ | नगर चिनारी नक्साको छपाई तथा प्रयोग | २०० | २ | नगर चिनारी नक्साको छपाई तथा प्रयोग | २०० | १०० | ३०० |
| सामी | १ | बैदेशिक रोजगारबाट स्वदेश फर्केका युवाहरुलाई सीपमूलक कार्यक्रम | ३०० | १ | बैदेशिक रोजगारबाट स्वदेश फर्केका युवाहरुलाई (रिटर्नी) सीपमूलक तालिम | ० | ५०० | ५०० |
| | २ | बित्तीय साक्षरता सम्वन्धि जीवन उपयोगि सिपमूलक कार्यक्रम | ५०० | २ | बित्तीय साक्षरता कक्षा लिएका सहभागिहरुलाई सिपमूलक कार्यक्रम | ० | ३०० | ३०० |
| | | | | १ | मागमा आधारित नगर प्रमुख पूर्वाधार योजना | १८००० | १३७७० | ४२३० |
| | | | | २ | निबुवा बोरिङ्ग मर्मत वडा न. १ | ० | २०० | २०० |
| | | | | ३ | बलरामको घरदेखि लक्ष्मणको घरसम्म जाने सडकमा ह्युम पाईप जडान वडा न. १ | ० | ३०० | ३०० |
| | | | | ४ | कप्टैयाको बाटो कालोपत्रे वडा न. २ | ० | ५०० | ५०० |
| | | | | ५ | कोटिया स्कुल नजिकको दुर्गा मन्दिर निर्माण वडा न. ३ | ० | ५०० | ५०० |
| | | | | ६ | लमाई टोल जाने बाटो स्तरोन्नी वडा न. ४ | ० | ५०० | ५०० |
| | | | | ७ | दगर मरवा सहवा जोड्ने कलभर्ट निर्माण तथा जगदिशपुर कुलो निर्माण वडा न. ५ | ० | ५०० | ५०० |
| | | | | ८ | भगलापुर पार्कमा ट्रस निर्माण वडा न. ६ | ० | ४०० | ४०० |
| | | | | ९ | लक्ष्मणघाट गौरा कम्पनीमा धारा जडान वडा न. ६ | ० | १०० | १०० |
| | | | | १० | नयां कृषि सडक स्तरोन्नति वडा न. ६ | ० | २०० | २०० |
| | | | | ११ | आदर्श टोल प्रतिक्षालय निर्माण वडा न. ७ | ० | ३०० | ३०० |

| साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| नगर स्तरीय | १ | मागमा आधारित नगर प्रमुख पूर्वाधार योजना | १८००० | १२ | लोहरौला कुलो निर्माण वडा न. ७ | ० | २०० | २०० |
| | | | | १३ | मिलन पथ नाली निर्माण तथा मिलन टोल कलभर्ट निर्माण वडा न. ८ | ० | ५०० | ५०० |
| | | | | १४ | पश्चिम जिनुवा पर्सहवा कूलो निर्माण वडा न. ९ | ० | ५०० | ५०० |
| | | | | १५ | करौलिया कुलोमा नहर निर्माण वडा न. १० | ० | ५०० | ५०० |
| | | | | १६ | भड्डिहवा राम चैतेको घरदेखि गोपाल दमैको घरसम्म सडक स्तरोन्नती वडा न. ११ | ० | ५०० | ५०० |
| | | | | १७ | गौरी गाउं देखि चौरी गाउं हुंदै प्रगति टोल जोड्ने सडक स्तरोन्नती वडा न. ७ | ० | ९०० | ९०० |
| | | | | १८ | घरबुधिया गौरी शंकरको घरदेखि देउवापार जोड्ने सडक स्तरोन्नती वडा न. ११ | ० | ३०० | ३०० |
| | | | | १९ | मर्थी देखि पुर्व विद्युतिकरण वडा न. ११ | ० | ३०० | ३०० |
| | | | | २० | प्रहरी चौकी फदवा मेचकुरी भुइ ढलान प्लाष्टर वडा न. १० | ० | २०० | २०० |
| | | | | २१ | मैरी थारु दिउहार निर्माण वडा न. ११ | ० | २०० | २०० |
| | | | | २२ | भानु श्रेष्ठको घरदेखि दक्षिण कृषि सडक वडा न. ११ | ० | २०० | २०० |
| | | | | २३ | राजपुर थारु दिउहार निर्माण वडा न. २ | ० | १०० | १०० |
| | | | | २४ | बोडगाउं जलेश्वर धाम वडा न. ८ | ० | १०० | १०० |
| | | | | २५ | सिसहनिया मस्जीतमा पार्टेशन तथा मर्मत संभार वडा न. ८ | ० | १०० | १०० |
| | | | | २६ | मदर्सा कोरिया चोक बाउन्ड्री वाल निर्माण वडा न. १० | ० | ५०० | ५०० |
| | | | | २७ | औरहिया मन्दिर ढलान वडा न. ५ | ० | २०० | २०० |

CamScanner

| साविक योजना/कार्यक्रम (रु.हजारमा) | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| | | | | २८ | लक्ष्मणघाट बोलबमधाम अधुरो राधाकृष्ण मन्दिर निर्माण वडा न. ६ | ० | ५०० | ५०० |
| | | | | २९ | देउवापार मन्दिर माटो पटान वडा न. ११ | ० | २०० | २०० |
| | | | | ३० | अमौली जोखन थारुको घरदेखि तीनघेरवा जाने कुलो निर्माण वडा न. ६ | ० | २०० | २०० |
| | | | | ३१ | भगलापुर मन्दिर देखि पिपरैया जाने कूलोको उत्तर ब्याडामा सिंचाई मोटर जडान वडा न. ६ | ० | १५० | १५० |
| | | | | ३२ | कमन नेपाल पूर्वाधार निर्माण वडा न. ४ | ० | ९५० | ९५० |
| | | | | ३३ | काला बन्जार देखि सिउटी जोड्ने सडक कालोपत्रे वडा न. ४ | ० | ९०० | ९०० |
| | | | | ३४ | ध्रुबतारा आमा तथा भू.पू. सैनिक मगर समुह भवन निर्माण वडा न. ४ | ० | ५०० | ५०० |
| | | | | ३५ | उत्तर चेतिया मन्दिर निर्माण वडा न. ११ | ० | २०० | २०० |
| | | | | ३६ | मधौली तल्लो टोल नाली निर्माण वडा न. ५ | ० | २०० | २०० |
| | | | | ३७ | कोईली बनगाई अधुरो कृषि नहर निर्माण वडा न. ७ | ० | ४० | ४० |
| | | | | ३८ | झिम्पाली टोल महिला अधुरो भवनको छत ढलान वडा न. ७ | ० | ३० | ३० |
| | | | | ३९ | ईलाका प्रहरी कार्यालय रंग रोगन वडा न. २ | ० | १५० | १५० |
| | | | | ४० | मर्थि मगर टोल नाली निर्माण वडा न. ११ | ० | १५० | १५० |
| | | | | ४१ | कमल टण्डनको घर हुदै जीतपुर सडकसम्म सडक पि.सि.सि. वडा न. १ | ० | ३०० | ३०० |

| योजना/कार्यक्रम (रु.हजारमा) | | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रगत | क्र. स. | योजना/कार्यक्रम | विनियोजित बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| | | | | ४२ | गोबड्डिहवा डाडा अर्घाखांची टोल सडक स्तरोन्नति वडा न. २ | ० | २०० | २०० |
| | | | | ४३ | शिब मन्दिर व्यवस्थापन जितपुर वडा न. ४ | ० | १०० | १०० |
| | | | | ४४ | नाथु थारुको बगिया देखि गगन बहादुर पुन सम्मको सडक स्तरोन्नति वडा न. ४ | ० | २०० | २०० |
| | | जम्मा | १२८१४४ | | जम्मा | | | १२८१४४ |

बाणगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाणगंगा, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

अनुसूची - ३

विनियोजन ऐन, २०८१ संसोधन सहित १६ औ नगरसभाबाट स्वीकृत थप योजनाहरु:

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | पोषण मैत्री नगर | | १००० | |
| २ | पूर्ण सरसफाई नगर | | ३००० | |
| ३ | स्वास्थ्य संस्था व्यवस्थापन | | ३००० | |
| ४ | गाँई व्यवस्थापन (ज्याला, पराल खरीद) | | २५०० | |
| ५ | विद्युतीय गाडी खरीद | | ६००० | |
| ६ | विद्युतीय गाडी चार्जिंग सेन्टर निर्माण | | ३५०० | |
| ७ | महिला स्वंयम सेविका अध्ययन अवलोकन भ्रमण | | १२०० | |
| ८ | उन्नत धानको विउ वितरण | | ५०० | |
| ९ | नगरस्तरीय खानेपानी सस्थाहरुको एकिकरण र बोर्ड गठन सम्वन्धि अन्तरपालिका खा.पा.उ.सा.हरुसंग अन्तर्क्रिया र अध्ययन | | २५० | |
| १० | हाट बजार व्यवस्थापन | ४ | ४००० | |
| ११ | प्रशासनिक भवन निर्माण (बहु वर्षीय) | ११ | २५०० | |
| १२ | खुटेनीमा कूलो निर्माण | ५ | २०० | |
| १३ | बैकुन्ठपुर खेल मैदान वडा न. ५ | ५ | ३०० | |
| १४ | बठनपुरा चोकदेखि झुंगा जाने अधुरो सडक कालोपत्रे | १ | १००० | |
| १५ | कप्टैया सामुदायिक वनको चोकदेखि पूर्व जाने सडक कालोपत्रे | २ | १००० | |
| १६ | वडा कार्यालय अगाडि लकिंग ब्लक जडान | ३ | ५०० | |
| १७ | धनकौली बांध निर्माण | ३ | ५०० | |
| १८ | पक्की ढाड नन्द किशोर थारुको घर जाने बाटो स्तरोन्नति | ४ | ६०० | |
| १९ | लमैयाटोल बाटो स्तरोन्नति | ४ | ४०० | |
| २० | कोपवा स्वास्थ्य चौकिबाट हाट बजारसम्म सडक कालोपत्रे | ५ | १००० | |
| २१ | बैदौली देखि मनोहरीपुर जाने नहरको पूर्वि बाटोमा कल्भर्ट निर्माण | ६ | ३५० | |
| २२ | मनोहरापुर गाउमा बाटो पि.सि.सि. तथा नाली निर्माण | ६ | २५० | |
| २३ | बनकसिया पोखरीमा भवन निर्माण तथा अधुरो शिब मन्दिर निर्माण | ६ | २०० | |
| २४ | भगलापुर कुलपुजा गर्ग गोत्रीको बाउण्ड्री तथा गेट निर्माण | ६ | २०० | |
| २५ | धैरेनी डांडा पूर्व दक्षिण टोल जोड्ने बाटो बिस्तार र पश्चिमका अधुरा गल्ली ढलान | ७ | १००० | |
| २६ | बोर्डगाउं चोक देखि सिनर्जी सहकारी हुदै उत्तर पूर्व जाने सडक स्तर उन्नति | ८ | १००० | |
| २७ | बक्सिपुर अधुरो सडक कालोपत्रे | ९ | १००० | |
| २८ | प्रतिटोल ठेकही पश्चिम बाटो कल्भर्ट र ह्युमपाईप | १० | ३५० | |
| २९ | सोनपुर डिउहार निर्माण | १० | ३०० | |
| ३० | रतनपुर कूलो निर्माण | १० | २५० | |
| ३१ | भेलरैया कैलाशटोल अधुरो कल्भर्ट निर्माण | १० | १५० | |
| ३२ | ओदारी गाउंको साई ईलेक्ट्रिक पसल देखि भडसडवा जाने सडकसम्म सडक कालोपत्रे | ११ | ५०० | |
| ३३ | देउवापार अधुरो शिब मन्दिर निर्माण | ११ | ३०० | |
| ३४ | देउवापार अधुरो डिउहार निर्माण | ११ | १५० | |

CamScanner

| क्र. सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| ३५ | हथौसा यादवको घर देखि ओम प्रकाशको घरसम्म माटो पटान | ११ | ५० | |
| ३६ | गत आ.व.को लागत सहभागिता रकम फिर्ता | ९ | १००० | |
| ३७ | श्रृंगिघाट सिचाई योजनाको पूर्वाधार निर्माण | | १५०० | |
| ३८ | लाली गुरांस आमा समुह भवन तथा सभाहल निर्माण | ४ | ५०० | |
| ३९ | जेष्ठ नागरिक भवन गन्सहवा अफिस कोठा व्यवस्थापन, रंगरोगन र पूर्वाधार निर्माण | ८ | ५०० | |
| ४० | बैरिया पाणिनी पथ सार्वजनिक कूलोमा पानीको निकास | १ | ५०० | |
| ४१ | मुर्घिया मलाई माई थान मर्मत | ३ | ३०० | |
| ४२ | बिहानी सामाजिक उद्यमी भवन निर्माण स्थल जाने सडकमा कल्भर्ट निर्माण | ५ | ८०० | |
| ४३ | गंगोलिया अधुरो नहर निर्माण | ३ | ४५० | |
| ४४ | वाशान विश्वासी मण्डली चर्च कम्पाउण्ड वाल निर्माण | १ | ४०० | |
| ४५ | गणेश मन्दिर सुन्दरीकरण | ८ | २०० | |
| ४६ | कल्याणेश्वर मन्दिर व्यवस्थापन | २ | २०० | |
| ४७ | मदन शाहीको घर पूर्व अधुरो सडक स्तरोन्नति | ४ | ६५० | |
| ४८ | जयपुर कैलाशटोल जाने सडक निर्माण | १० | १०० | |
| ४९ | रामु पौडेलको घर देखि एकान्तकुना होटल जाने सडक स्तरोन्नति | ६ | ५०० | |
| ५० | झुंगा अधुरो नहर निर्माण | ३ | ७५० | |
| ५१ | बिसनपुरा पुरानो डिह देखि झुंगा जोड्ने अधुरो सडक कालोपत्रे | २ | ८०० | |
| ५२ | कोरिया चोक देखि रमेश नेपालको घर तर्फ जाने सडक स्तर उन्नति | १० | १००० | |
| ५३ | AVM सडक पि.सि.सि. मधौलिया | ५ | ५०० | |
| ५४ | हरिहरपुर स्वास्थ्य चौकीमा शौचालय निर्माण | ४ | ३५० | |
| | जम्मा | | ५०००० | |

अनुसूची-४

(१६ औं नगरसभाको निर्णय नं. ३ सँग सम्बन्धित)

नगरसभामा नगर प्रमुख श्री चक्रपाणी अर्यालद्वारा प्रस्तुत अर्ध-वार्षिक प्रगति प्रतिवेदन

बाणगङ्गा नगरपालिकाको आ.व. २०८१।८२ को प्रगति विवरण

१६ औं नगरसभा

मिति: २०८१/०९/२५

कार्यात्मक रणनीतिः

"ब्राण्ड बाणगङ्गा बिलिभ बाणगङ्गा"
(Brand Banganga Believe Banganga)"

नारा :

"समृद्ध बाणगङ्गाको मूल आधारः आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार"

यस सभामा उपस्थित बाणगङ्गा नगरपालिकाका नगरसभा उपाध्यक्ष ज्यू, नगर सचिव ज्यू, नगर प्रवक्ता ज्यू, सम्पूर्ण वडाध्यक्ष ज्यू, कार्यपालिकाका सदस्य ज्यू, उपस्थित नगरसभाका सम्पूर्ण सदस्य ज्यू, विषयगत शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी वर्गहरु । सर्वप्रथम यस सभामा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नु हुने समग्र नगरसभा सदस्यहरुमा मेरो व्यक्तिगत तथा नगरपालिकाकोतर्फबाट हार्दिक स्वागत गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आज हामी देश संघीयतामा प्रवेश गरेपछि भएको दोस्रो स्थानीय तहको निर्वाचन पश्चात् आ.व. ०८१/८२ को यस बाणगङ्गा नगरपालिकाले स्वीकृत गरेको नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनको अवस्था तथा स्वीकृत कार्यक्रमबाट समग्र नागरिकमा परेको असर र प्रभावको लेखाजोखा गरी आगामी दिनमा नगरपालिकाले सम्पादन गर्ने समग्र विकासात्मक, प्रशासनिक तथा अन्तर निकाय समन्वयका गतिविधिहरुका सुधारात्मक मार्ग तय गरी समग्र नागरिकको स्थानीय सरकार प्रतिको भरोसा र सेवाप्रवाहमा नागरिक सहभागिता वृद्धि गरी नागरिकको खुसियाली वृद्धिमा सहजीकरण तथा सुशासनको कार्यदिशामा स्थानीय सरकारका हरेक गतिविधि अगाडि बढाउन तथा हालसम्म हामीहरुले गरेका विकासात्मक तथा प्रशासनिक गतिविधिबाट नागरिकमा परेका सकारात्मक तथा सुधारात्मक असर र प्रभावको सन्दर्भमा समीक्षा तथा विवेचनाको लागि यस सम्मानित सभामा उपस्थित छौं ।

स्थानीय सरकारको सेवा प्रवाह नागरिकमैत्री, नागरिक सहभागिता उन्मुख, जनताले सुन्ने, देख्ने मात्र नभइ अनुभुति गर्ने हुनु पर्दछ । शासक र सेवकको सम्बन्ध होइन, सहजकर्ता र सहअस्तित्वको सम्बन्ध हुनु पर्दछ । यसका लागि सुशासन अपरिहार्य छ । सुशासनका महत्वपूर्ण तत्व मध्ये पारदर्शिता र जवाफदेहिता यस्ता कार्यक्रमहरुबाट मापन गर्न सकिन्छ । अत: सार्वजनिक उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गरी नागरिकबाट प्राप्त अधिकारको सवल तथा सक्षम कार्यान्वयनमा हाम्रा लगावहरुको प्रतिफल सामुहिक रुपमा बजारीकरण गर्दै निरन्तर सुधारको मार्गमा सोच परिष्करण, व्यवहार परिष्करण, प्रविधि परिष्करण, विकासको आयामहरु परिष्करण तथा सह शासनको मार्गमा अगाडि बढ्न हार्दिक अनुरोध गर्दछु ।

आदरणीय नगरसभा सदस्य ज्यूहरु,

देश संघीयतामा प्रवेश पश्चात् नेपालको संविधानले परिकल्पना गरेको सहकारितामा आधारित संघीयता, संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, संघ र प्रदेशका पञ्चवर्षीय योजना, स्थानीय तहबाट स्वीकृत आवधिक विकास योजना तथा ऐन, नियम, कार्यविधि, मार्गदर्शन, मापदण्ड, दिगो विकास लक्ष्य, मध्यमकालिन खर्च संरचना, नेपाल सरकार, प्रदेश सरकारले घोषणा गरेका राष्ट्रिय तथा प्रादेशिक अभियानलाई मध्यनजर गरी वार्षिक रुपमा स्वीकृत नीति, कार्यक्रम तथा बजेटको आधारमा हरेक स्थानीय सरकारका विकासात्मक, प्रशासनिक तथा अन्तर निकाय समन्वयका गतिविधि सञ्चालन हुँदै आएको छ । तद् अनुरुप यस बाणगङ्गा नगरपालिकाको यस आ.व.मा स्वीकृत भई कार्यान्वयनमा रहेको नीति कार्यक्रम र बजेटको हाल सम्मको प्रगति विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

CamScanner

१) आ.व. २०८१/८२ को नीति कार्यक्रम तथा बजेट सम्बन्धी

- आ.व. २०८१/८२ को कुल बजेट रु. १ अर्ब २२ करोड ९५ लाख २४ हजार रहेकोमा आर्थिक विकासतर्फ रु. ११ करोड १० लाख २७ हजार, सामाजिक विकासतर्फ रु. ५६ करोड ९२ लाख ५९ हजार, पूर्वाधार विकासतर्फ रु. ३६ करोड २५ लाख ८६ हजार , सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ रु. ५९ लाख २८ हजार र कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ रु. १७ करोड २७ लाख २४ हजार विनियोजन गरिएकोमा हाल सम्म संघ, प्रदेश सरकारवाट निकासा रु. ४४ करोड १० लाख २ हजार ६ सय ३५ रुपैयाँ ६२ पैसा र आन्तरिक राजस्व रु. ३ करोड ५४ लाख तथा गत वर्षको बाँकी मौज्दात रु. १२ करोड गरी नगरपालिकाको सञ्चित कोषमा रु. ५९ करोड ६४ लाख २ हजार ६ सय २५ रुपैयाँ ६२ पैसा रकम जम्मा भएको छ।
- हाल सम्म उक्त बजेटको आम्दानीतर्फ ४८.५ प्रतिशत तथा खर्चतर्फ १७.५ प्रतिशत प्रगति भएको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा प्रशासनिक तथा विकासात्मक गतिविधिलाई दुर्तता दिने विगतका प्रयासहरुलाई न्यूनिकरण गर्ने हाम्रो प्रतिवद्धतालाई मूर्तरुप दिन आगामी दिनमा स्वीकृत नीति कार्यक्रम र बजेट कार्यान्वयनमा शीघ्रता ल्याउन सबै नगरसभा सदस्यज्यूहरु मा हार्दिक अनुरोध गर्दछु।
- १५ औं नगरसभाले नगरको विकासमा दिर्घकालिन महत्वका निम्नानुसारका योजनाहरु सञ्चालन निर्णय गरिएको छ:
  - दिगो विकास लक्ष्यका सम्पूर्ण सूचकहरुलाई स्थानीयकरण गर्दै लगिने।
  - संविधानमा उल्लेखित एकल अधिकार क्षेत्र कार्यान्वयनको लागि संस्थागत, संरचनागत तथा वित्तीय व्यवस्थापन गर्दै जाने।
  - आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच वृद्धि गर्ने।
  - सीप तथा ज्ञानयुक्त शिक्षाको विकास, शिक्षामा नवप्रवर्तन तथा व्यवसायीकरण गर्ने।
  - समावेशी विकासलाई जोड दिंदै, पछाडी परेका वर्ग र समुदायहरुको उत्थान तथा विकासमा जोड दिने।
  - हरित अर्थतन्त्र तथा दिगो विकासमा निरन्तर कार्य गर्ने।
  - राष्ट्रिय अभियान अर्न्तगत बालमैत्री, पूर्ण संस्थागत सुत्केरी, पूर्ण खोप लगायतका कार्यक्रमको दिगोपना तथा पूर्ण सरसफाई, पोषणमैत्री जस्ता कार्यक्रमलाई प्राथमिकताको साथ कार्य गर्ने।
  - लागत सहभागिताका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने।
  - लैंगिक समानता तथा सामाजिक समावेशिकरणको माध्यमद्वारा अधिकारमा आधारित विकासको अवधारणालाई मूर्तरुप दिने।
  - संविधानको मर्म अनुसार अन्तर तह तथा अन्तर निकाय समन्वयलाई प्राथमिकताको साथ आत्मसाथ गर्ने।
  - नगरपालिकालाई आत्मनिर्भर बनाउन राजस्व सुधार योजना अनुरुप करका दर र दायरालाई समय सापेक्ष बनाई आत्मनिर्भरतर्फको यात्रालाई अगाडी बढाउने।
  - नगरपालिका भित्र सञ्चालन हुने लघु उद्योग, मध्यम र ठूलां उद्योगहरु स्थापना र विस्तारमा सहजीकरण गर्ने।
  - नगरपालिकाको ब्राण्ड कायम गर्न कृषिमा आधुनिकीकरण, सीप विकासमा विविधीकरण तथा सेवा प्रवाहमा प्रविधिकरण गर्दै लगिने।
  - नगरपालिकाको धार्मिक, सांस्कृतिक, भाषिक तथा रैथाने पद्धतिहरुलाई बाणगङ्गा सर्किटमा समावेश गरी प्रचार प्रसार, पुनर्निर्माण तथा संरक्षणमा लागत सहभागिता जुटाई उत्पादन, प्रवर्द्धन र विकास गर्ने।
  - नगरका गौरवका आयोजनाहरु क्रमशः पुरा गरी नागरिक सन्तुष्टी प्रदान गर्ने।

आदरणीय नगरसभा सदस्यज्यूहरु

अब म हामीहरुले स्वीकृत गरेको नीति कार्यक्रम र बजेटको हालसम्मको क्षेत्रगत प्रगतिको अवस्था प्रस्तुत गर्दछु।

२) क्षेत्रगत प्रगति अवस्था

क) सुशासन तथा संस्थागत विकास

- आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न भएको छ। त्यसै गरी जिल्लास्तरीय समीक्षा कार्यक्रममा समेत सहभागी भई नगरपालिकाको समग्र प्रगति समीक्षा प्रस्तुतिकरण भएको छ।
- नगरको मध्यमकालिन खर्च संरचना र आन्तरिक नियन्त्रण प्रणाली निर्माण भई कार्यान्वयनमा रहेका छन्।

- सबै वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र जडान गरिएको छ। जसमा सेवाग्राहीहरुलाई कुन सेवा कहाँ कसरी र कति शुल्कमा लिन सकिन्छ भन्ने जानकारी डिजिटल माध्यमबाट उपलब्ध गराईएको छ।
- नगरपालिका र वडाहरुबाट लिईने सबै प्रकारका राजस्वहरु सफ्टवेयर मार्फत लिईने गरिएको छ। जसमा हाल सेवाग्राही/करदाताहरुलाई QR स्केनको मार्फतबाट पनि कर तिर्ने व्यवस्था मिलाईएको छ। सबै वडाहरुमा QR को लागि अतिरिक्त Monitor जडान गर्नु आवश्यक रहेको छ।
- हेलो बाणगङ्गा नगरपालिका Facebook page लाई बाणगङ्गा नगरपालिकाको सूचना पोर्टलको रुपमा प्रयोग गर्दै आईरहेको छ।
- चालु आर्थिक वर्ष २०८१।०८२ को नगर दरेट स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।
- नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बिच कार्यसम्पादन सम्झौता सम्पन्न गरिएको छ।
- प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बिच कार्यसम्पादन सम्झौता सम्पन्न गरिएको छ।
- नगरपालिकाको वेवसाईट मार्फत शाखा प्रमुखहरुको कार्यविवरण सार्वजनिक गरिएको छ।
- हाल १०८ जना करार र १२१ जना स्थायी गरी जम्मा २२९ जना कर्मचारीहरु कार्यरत रहेका छन्। जसमा कार्यालयतर्फ ६४ जना, वडातर्फ ३७ जना, पिपरा अस्पतालमा ५० जना र स्वास्थ्य चौकी, आयुर्वेद, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य क्लिनिक लगायत स्वास्थ्य संस्थातर्फ ७८ जना रहेका छन्। १०८ जना करार कर्मचारीहरु मध्ये संघ तथा प्रदेश विशेष कार्यक्रमतर्फ १९ जना कर्मचारी कार्यरत रहेका छन्।
- नगरद्वारा सञ्चालित पिपरा अस्पतालमा साविकमा रहेका २९ जना कर्मचारीहरुको दरबन्दी र ८ घण्टाको सेवालाई बृद्धि गर्दै विशेषज्ञ चिकित्सा सेवा सहित हाल ५० जना कर्मचारीहरुबाट अस्पतालमा २४ सै घण्टा सेवा उपलब्ध गराईएको छ।
- विभिन्न शाखामा रहेका तथा वडाहरुमा रहेका कर्मचारीहरुलाई फरक फरक कार्य अनुभव दिलाउन अन्तर वडा तथा अन्तर शाखा समन्वय हुन आवश्यक देखिन्छ।
- हाल वडाका योजना कार्यान्वयनका क्रममा उपभोक्ताहरु तथा वडाबाट समन्वय गर्दा फोनको भरमा गरिएको अवस्था छ। कम्तिमा हरेक दिन निश्चित समय कार्यालयमा गएर योजना कार्यान्वयनका कामकाजहरुमा सहयोग पुराउनुपर्ने देखिन्छ।
- यस आर्थिक वर्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट ४ वटा उजुरीहरु आएकोमा सबै उजुरीहरुको यस कार्यालयबाट प्रतिउत्तर जवाफ र आवश्यक कागजातहरु उपलब्ध गराई फछ्यौंट गर्ने कार्य भएको छ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम चालु आर्थिक वर्ष यता ५ वटा निवेदनहरु परेका छन्। जस अर्न्तगत १ वटा अन्य विद्यालयसँग सम्बन्धित रहेको, १ वटा कानूनसङ्गत उपलब्ध गराउन नसकिने थियो भने अन्य सबै सूचनाहरु सूचनाको हक बमोजिम उपलब्ध गराईएको छ। साथै सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम आ.व. २०८१।०८२ को सूचनाको हकको प्रथम त्रैमासिक विवरण सार्वजनिक गरिएको छ।
- हेलो सरकार पोर्टलबाट बाणगङ्गा नगरपालिकामा २ वटा उजुरी दर्ता भएकोमा एउटा डिभिजन वनसँग सम्बन्धित भएकौले फिर्ता गरिएको र अर्को वडा नं. ८ को सडकसँग जोडिएको विषय भएकोले आगामी दिनहरुमा प्राथमिकतामा राख्ने गरी जवाफ दिईएको छ।
- कृषि उपज सङ्कलन केन्द्रको संरचना निर्माणको लागि प्रदेशमा रहेको बजेट कार्यान्वयन गर्न नगरपालिकाकै नाउँमा जग्गा हुनुपर्ने व्यवस्था भएकोमा सो को लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडी बढाईएको छ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को (घ) (४) मा वडा भित्रको उद्योग धन्दा तथा व्यवसायहरुको प्रवर्द्धन गरी लगत राख्ने कार्य वडा समितिको क्षेत्रभित्र पर्ने विषय भएकोले वडा कार्यालयबाट व्यवसाय नवीकरण गर्ने

CamScanner

व्यवस्था मिलाउनुपर्छ भन्ने छलफलको विषय भएको र कार्यपालिकाबाट यो विषय निर्णय समेत भएको भएता पनि कार्यान्वयन हुन सकेको छैन।

- नगरपालिकामा रहेको तत्कालिन दरबन्दी अध्ययन गरी नगरपालिकाको क्षेत्रफल, जनसंख्या, आन्तरिक आय, अनिवार्य सेवाको आधारमा समग्र सेवा प्रवाहको लागि संस्थागत तथा संरचनागत व्यवस्थालाई वैज्ञानिकीकरण गरी सुशासनयुक्त सेवा प्रवाहको थालनी गरिएको।
- बाणगङ्गा नगरपालिकाको चालु आ.व.२०८१।०८२ को यस अवधि सम्म आईपुग्दा ऐन-२९, नियमावली-६, कार्यविधि-६२, निर्देशिका-११, मापदण्ड-६, आचारसंहिता -१ गरी जम्मा ११५ वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा ल्याइएकोमा यस अवधिमा तपसिलको कानून निर्माण र स्वीकृत गरी कार्यसरलीकरण प्रक्रियालाई प्रथमिकता दिइएको छ।

**तपसिलः**

| क्र.सं. | ऐन, नियमावली, कार्यविधि र अन्य |
|---|---|
| १ | आर्थिक ऐन, २०८१ |
| २ | विनियोजन ऐन, २०८१ |
| ३ | बेरुजु फर्छयौट निर्देशिका, २०८१ |
| ४ | राजस्व सुधार कार्ययोजना दिग्दर्शन, २०८१ |
| ५ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०८१ |
| ६ | वित्तिय साक्षरता रणनीति, २०८१ |
| ७ | सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८१ |
| ८ | निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८१ |
| ९ | स्थानीय तहका लागि 'खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (WASH MIS)' मार्गदर्शन, २०८१ |
| १० | खुल्ला दिसामुक्त अवस्थाको दिगोपन सम्बन्धी कार्यविधि, २०८१ |
| ११ | हात स्वच्छता कार्यविधि, २०८१ |
| १२ | उत्कृष्ट कृषक सम्मान सम्बन्धी कार्यविधि, २०८१ |
| १३ | कृषि तथा पशुपन्छी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०८१ |

- स्थानीय सरकारको सेवाप्रवाहलाई नागरिकमैत्री, जनउत्तरदायी, प्रतिस्पर्धी तथा स्वीकृत सूचक तथा मापदण्डको आधारमा सञ्चालन तथा व्यवस्थापन गर्न नगरपालिकामा छुट्टै एक मूल्याङ्कन शाखा गठन गर्ने प्रक्रिया अगाडि बढाइएको छ। स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याकन (LISA) आ.व.२०८०/८१ को समग्र हाम्रो प्रशासनिक, विकासात्मक तथा अन्तरनिकाय समन्वयका गतिविधि मूल्याङ्कनका विषय क्षेत्रमा देहायको नतिजा प्राप्त भएको छ।

| क्र.स. | विषय क्षेत्र | अंक भार | प्राप्त नतिजा |
|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ९ |
| २ | संगठन तथा व्यवस्थापन | ८ | ७.५ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | १० |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | १०.७५ |
| ५ | सेवा प्रवाह | १६ | १६ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ |
| ७ | भौतिक पूर्वाधार | १३ | ११ |
| ८ | सामाजिक समावेशिकरण | १० | १० |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ७.५ |
| १० | सहकार्य र समन्वय | ६ | ६ |
| ११ | जम्मा | १०० | ९४.७५ |

- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (Fiduciary Risk Assessment (FRA)):

CamScanner

- प्रारम्भिक नतिजा अनुसार बाणगङ्गा नगरपालिकाले ९६.५ अंक प्राप्त गरी जिल्ला समन्वय समितिलाई पृष्ठपोषण तथा मूल्याङ्कनको लागि पठाईएको ।

**पूर्वाधार विकास**

- स्वीकृत योजना तथा कार्यक्रम मध्ये हालसम्म नगरस्तरीय योजना संख्या ११५ वटा तथा वडास्तरीय योजना संख्या २१५ गरी जम्मा योजना संख्या ३३० भएकोमा ठेक्का मार्फत सञ्चालन गरीने सडक कालोपत्रे एंव संघीय र प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदानका समपुरक र विशेष योजनाहरु मध्ये ९० प्रतिशत योजनाको बोलपत्र स्वीकृत भई कार्यान्वयनको चरणमा रहेका, १२३ वटा योजनाहरुको लागत अनुमान तयार भई १०१ वटा योजनाहरुको सम्झौता भईसकेको र बाँकी योजनाहरुको सम्झौता हुने क्रम एवम् लागत अनुमान तयारीको चरणमा रहेको छ ।
- पूर्वाधारतर्फ नगरबाट छनौट गरिएका योजनाहरुमध्ये ६७ वटा योजनाहरुको ठेक्का बन्दोवस्त भएकोमा ४५ वटा योजनाहरुको सम्झौता भईसकेको, २२ वटा योजनाहरु सम्झौता हुने क्रममा रहेका छन् भने ७ वटा ठेक्का बन्दोवस्त हुने क्रममा रहेका छन् । ठेक्का मार्फत सञ्चालित ६ वटा योजनाहरु सम्पन्न भई भुक्तानीको क्रममा रहेका छन् ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरु मध्ये ५६ वटा योजनाहरुको सम्झौता भईसकेको,बाँकीयोजनाहरुको लागत अनुमान तयारीको अवस्थामा रहेका र सम्झौताको क्रममा रहेका छन् । उपभोक्ता समिति मार्फत सञ्चालित १० वटा योजनाहरु सम्पन्न भई भुक्तानी भई सकेको र ७ वटा भुक्तानी हुने क्रममा रहेका छन् ।
- गत आ.व. मा काम सम्पन्न हुन नसकी म्याद थप भएका गौतमबुद्ध रंगशाला, नमुना विद्यालय पिपराको मल्टिहल फिनिसिंग, ब्रह्मकुमारी शान्तिको भवन र वडा न.१ को प्रशासनिक भवन निर्माणका चार वटा योजना मध्ये तीनवटा योजना सम्पन्न भईसकेका र प्रशासनिक भवनको कार्य सम्पन्न हुने क्रममा रहेको छ ।
- भौतिक निर्माणतर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम र स्थानीय जनताको लागत सहभागिता ७०/३० र ५०/५० का कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेका छन् ।
- शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ३ वटा विद्यालयहरुको भवन निर्माणका लागि सूचना प्रकाशन गरी सकिएकोले बोलपत्र दर्ता भई मूल्याङ्कन हुने क्रममा रहेका छन ।

**भवन तथा बस्ती बिकास:**

- भवन तथा शहरी विकासतर्फ २०८१ श्रावण १ गतेदेखि हाल सम्म ४४ वटा नयाँ घर दर्ता, २३ वटा सम्पन्न, १५२ अभिलेखिकरण, २५० पुरानो घर दर्ता, २० वटा पुरानो घर नामसारी, ५९ वटा विद्युत मिटर जडानका लागि सिफारिस गर्ने कार्य सम्पन्न भएको छ । यसरी प्राप्त तथ्यांक विश्लेषण गर्दा अनिवार्य नक्सा पास गरी भवन निर्माण कार्य र अभिलेखीकरण गर्ने कार्यलाई थप व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

**जलश्रोत, उर्जा तथा स्वच्छ उर्जा:**

- जलस्रोतको उपयोग तथा संरक्षण गर्न जलाशययुक्त पोखरी, सिंचाई प्रणालीको दिगो व्यवस्थापनका लागि प्राथमिकतामा राखी योजना कार्यान्वयनमा जोड दिईएको छ ।
- उज्यालो नगर कार्यक्रम अन्तर्गत सडक बत्ती राख्ने र जडित सडक बत्तीको मर्मत गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।

**सूचना तथा सञ्चार प्रविधि:**

- नगरभित्रका नागरिकहरुलाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सुरक्षाकर्मीहरुको समन्वयमा सि.सि.टि.भि. क्यामरा जडानको प्रक्रिया अगाडि बढाईएको छ ।
- सेवाग्राहीको सुविधालाई मध्यनजर गर्दै नगरको राजस्व सम्बन्धी सम्पूर्ण कारोबारलाई अनलाईन मैत्री बनाउँदै अनलाईन प्रणालीबाट राजस्व असुली गर्ने व्यवस्था मिलाईएको छ ।
- नगरबाट प्रवाह गरीने सेवा तथा कार्यहरुको जानकारी गराउन डिजिटल बोर्डको व्यवस्था मिलाईएको छ ।

CamScanner

ग) **सामाजिक विकास**

- शिक्षा गुरुयोजना निर्माणको अन्तिम चरणमा रहेको।
- सुरक्षित खानेपानी युक्त समुदाय घोषणा भएका प्रमुख बस्तीहरु (२१) वटा
- वास प्रोफाईल र वास प्लान निर्माण भएको तर डिजिटलाईज वास प्लानको मात्र मान्यता हुने भनी खानेपानी मन्त्रालयबाट NWASH प्रणालीको विकास गरेको हुनाले वास प्लानको लागि परामर्शदातासँग सम्झौता गरी निर्माण कार्य अगाडी बढेको र करिव ८०% फिल्ड सर्वे पुरा भएको।
  - WASH सँग सम्बन्धित कानूनहरु (६ वटा) रहेका,
  - खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, २०७८
  - खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी नियमावली, २०७९
  - सुरक्षित खानेपानी युक्त समुदाय घोषणा सम्बन्धी कार्यविधि, २०७९
  - स्थानीय तहका लागि 'खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (WASH MIS)', मार्गदर्शन, २०८१
  - खुल्ला दिसामुक्त अवस्थाको दिगोपना सम्बन्धी कार्यविधि, २०८१
  - हात स्वच्छता कार्यविधि, २०८१
- हालसम्म १३ वटा खानेपानी संस्थाहरु सञ्चालित र १० वटा संस्थाहरु निर्माणाधिन छन्। बाणगङ्गा नगरपालिकाको खानेपानी सरसफाई ऐन तथा नियमावली जारी भएपश्चात् ३ वटा खानेपानी संस्थाहरु यस कार्यालय मार्फत दर्ता नवीकरण भएका छन् भने बाँकी साविकमै जिल्ला जलस्रोत समितिमा दर्ता भई कार्यान्वयनमा छन्।
- नगरको वार्षिक नीति तथा कार्यक्रममा सम्पूर्ण खानेपानी आयोजनाहरुलाई GIS System मा लैजान WASH Profile निर्माण कार्य भईरहेको छ।
- खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी ईकाई (WASH-Unit) सञ्चालनमा ल्याउन आवश्यक छ। जसको लागि कम्तिमा १ जना खानेपानी तथा सरसफाई प्राविधिक र पोषणमैत्री, वातावरण मैत्री तथा पूर्ण सरसफाई मैत्री नगर घोषणा सम्बन्धी क्रियाकलापहरुको सहजीकरण गर्न १ जना सामाजिक विकास सहजकर्ताको व्यवस्थापन गर्न आवश्यक छ।
- पञ्जीकरणतर्फ समाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी, घटना दर्ता कार्य नियमित सञ्चालनमा ल्याइएको छ।
- बाणगङ्गा नगरपालिकाको आयुर्वेद शाखातर्फ हालसम्म OPD मार्फत २३१२ महिला र १२२१ पुरुष गरी जम्मा ३५३३ जनालाई स्वास्थ्य सुविधा प्रदान गरिएको छ। त्यस्तै जेष्ठ नागरिक सेवा कार्यक्रमतर्फ १२०७ जना, जनतासँग नगर प्रमुख पाक्षिक आयुर्वेद चिकित्सक सेवा कार्यक्रमतर्फ ५६७ जना, पूर्वकर्म सेवातर्फ १४२ जना, योग सेवातर्फ २२५ जना, स्तनपायी सेवातर्फ १२२ जना र गाँउघर क्लिनिकतर्फ २९५६ जना लाभान्वित भएका छन्।
- स्वास्थ्य प्रवर्द्धन सचेतनामुलक कार्यक्रमतर्फ विद्यालय शिक्षातर्फ १५ जना र विविध कार्यक्रमहरु जस्तै धन्वन्तरी जयन्ती, भान्सा सुधार कार्यक्रमतर्फ ३०० जना गरी कुल ३१५ जना लाभान्वित भएका छन्।
- हालसम्म आयुर्वेद शाखातर्फ ३७.१७ प्रतिशत वित्तीय प्रगति भएको छ।

घ) **आर्थिक विकास**

- कृषि विकासतर्फ रु २ करोड १ लाख ८५ हजार विनियोजन भएकोमा रु ३५ लाख ६४ हजार ५ सय ८० रुपैयाँ (१७.६६ %) खर्च भएको छ।
- पशुपन्छी विकासतर्फ रु १ करोड २८ लाख ४० हजार विनियोजन भएकोमा रु ८ लाख ३८ हजार (६.०३ %) खर्च भएको छ।

CamScanner

- हालसम्म बचत तथा ऋण सहकारी संस्था-८ वटा, कृषि सहकारी संस्था- ३६ वटा, बहुउद्देश्यीय सहकारी संस्था- ४ वटा, उपभोक्ता सहकारी संस्था-२ वटा र प्रदेशस्तरीय सहकारी संस्था- ११ वटा गरी कुल ६१ वटा विभिन्न सहकारी संस्थाहरु रहेका छन् भने हालसम्म शेयर रकम रु. ६८ करोड ८२ लाख ३२ हजार १ सय ४५, जगेडा कोषतर्फ रु. ३३ करोड १६ लाख ६५ हजार ४ सय ५१, बचत रकमतर्फ रु. ३ अर्ब ४ करोड २६ लाख ६३ हजार ३ सय ४० र ऋण लगानीतर्फ रु. ३ अर्ब ९१ करोड ६७ लाख ३७ हजार ४ सय ५५ रहेको छ ।

ङ) **वन, वातावरण तथा विपद् व्यवस्थापन**

- बर्षौदेखि पानी निकासको उपयुक्त व्यवस्था नभएका कारण डुवानमा परेका बस्तीहरुमा नगरपालिकाका साधनहरु प्रयोग गरी न्यूनतम खर्चमा पानी निकासको व्यवस्था मिलाई डुवान हुनबाट सुरक्षित राखिएको छ।
- प्रकोप व्यवस्थापन कोष परिचालन, विपद् तथा संकटापन्न क्षेत्रहरुको पहिचान तथा योजना कार्यान्वयनमा रहेको छ।
- शितलहर तथा बढ्दो चिसोपनाबाट आम नागरिकलाई सुरिक्षत राख्नको लागि नगरपालिका भित्र रहेका सामुदायिक तथा साझेदारी वनहरुसँगको समन्वयमा चोक तथा सार्वजनिक ठाउँमा आगो ताप्नको लागि दाउरा व्यवस्थापनका लागि समन्वय सहकार्य गरिएको छ।

आदरणीय नगरसभा सदस्यज्यूहरु,

माथि उल्लेखित कार्यसम्पादनबाट प्राप्त तथ्यांकीय उपलव्धीहरुलाई यस गरीमामय सभामा प्रस्तुतिको लागि अनुमति चाहन्छु ,

३) **क) हालसम्म प्राप्त उपलव्धीहरु**

➢ भौतिक पूर्वाधारतर्फ

| | |
|---|---|
| सडक कालोपत्रे | ५९५ मि. |
| सडक ढलान | ११४ मिटर |
| लकिंग ब्लक | ५० मिटर |
| सडक ग्रावेल तथा स्तरोन्नति | ३८१३ मिटर |
| नाली निर्माण | १०० मिटर |
| सिंचाई कूलो, नहर निर्माण | ९५ मिटर |
| कल्भर्ट | २ वटा |
| प्रशासनिक भवन | १ वटा सम्पन्न |
| शैक्षिक पूर्वाधार | ५ वटा |
| खानेपानी धारा | ३ वटा |
| खेलकूद पूर्वाधार | २ वटा |
| स्वास्थ्य पूर्वाधार | १० वटा |
| जग्गा संरक्षण तारबार | ३९ बिगाहा |
| मठ, मन्दिर | ४ वटा |
| डिउहार निर्माण तथा मर्मत | २ वटा |
| गुम्बा | १ वटा |
| बौद्ध बिहार | १ वटा |
| प्रतिक्षालय | २ वटा |
| विद्युतिकरण | ७५ मि. |
| पार्क एवं पर्यटकीय पूर्वाधार | १० वटा |

**ख) बैठक कार्यप्रणाली**

➢ कार्यपालिका बैठक ८ पटक

➢ कर्मचारी बैठक - १०

CamScanner

- वडामा वडा समिति वैठक- १६२ पटक (सबै वडाहरुको)
- वडामा अनुगमन समितिको वैठक- ४२ पटक (सबै वडाहरुको)
- वडामा र्यापिड रेस्पोन्स टिमको वैठक-११ पटक (सबै वडाहरुको)
- वडामा स्वास्थ्य व्यवस्थापन समितिको वैठक- ३८ पटक (सबै वडाहरुको)
- पिपरा अस्पताल व्यवस्थापन समितिको वैठक- ९ पटक
- आयुर्वेद अस्पतालको वैठक - २ पटक
- वडा समिति तथा वडास्तरीय पोषण, खाद्य सुरक्षा सहजीकरण तथा कार्यान्वयन समितिको बैठक-११ पटक

ग) विषयगत समितिका वैठकहरु

- सुशासन तथा संस्थागत विकास- १ पटक
- पूर्वाधार विकास- २ पटक
- सामाजिक विकास- ४ पटक
- आर्थिक विकास- ३ पटक
- वन वातावरण तथा विपद् व्यवस्थापन- ३ पटक
- राजस्व परामर्श समिति- ३ पटक
- न्यायिक समिति- ७ पटक
- लेखा समिति- ४ पटक
- अनुगमन समिति- १२ पटक

घ) अन्य निकायहरुसँग समन्वय (नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक तथा विषयगत शाखा प्रमुखहरुको संलग्नता)

- केन्द्र सरकारसंग कार्यक्रम १५ पटक
- प्रदेश सरकारसंग कार्यक्रम १० पटक
- विषयगत मन्त्रालयहरुसंग कार्यक्रम ४ पटक
- जिल्ला समन्वय समितिसंग कार्यक्रम ३ पटक
- विभिन्न संघ, सस्था तथा दातृनिकायका प्रतिनिधिहरुसंग कार्यक्रम ७ पटक

४) **अभियानमुखी कार्यक्रम**

क) **शिक्षा, युवा तथा खेलकुदतर्फ:**

- शिक्षा गुरुयोजना निर्माणको अन्तिम चरणमा रहेको र खेलकुद अर्न्तगत वडास्तरीय विभिन्न खेलकुद कार्यक्रम सम्पन्न गरिएको।

ख) **महिला वालवालिकातर्फ:**

- हालसम्म अपाङ्गता परिचय-पत्रतर्फ 'क' वर्गको १३६ वटा, 'ख' वर्गको ४७८ वटा, 'ग' वर्गको १८० वटा र 'घ' वर्गको ५२ वटा गरी कुल ८४६ वटा परिचय पत्र वितरण गरिएको छ।
- ज्येष्ठ नागरिक परिचय-पत्रतर्फ कुल २३७३ वटा वितरण भएको छ। जसमा पुरुष १२२६ जना र महिला ११४७ जना रहेका छन्।
- हालसम्मको वित्तीय प्रगतितर्फ १४.२२ प्रतिशत खर्च भएको छ।

ग) **घरेलु तथा साना उद्योगतर्फ :**

वाणिज्यतर्फ प्राईभेट फर्म दर्ता हालसम्म ९०५ वटा छन् जसमध्ये १४७ वटा नवीकरण भएको, २७ वटा खारेजी र २१ वटा प्राईभेट फर्म संशोधन भएका छन् भने व्यवसाय दर्तातर्फ हालसम्म ३०९० वटा दर्ता भएका छन् । जस अन्तर्गत चालु आ.व.मा मात्र १९२ वटा दर्ता भएका छन् । त्यस्तै नवीकरणतर्फ ७४१ र व्यवसाय खारेजीतर्फ जम्मा १३ वटा रहेका छन् ।

घ) कृषि विकासतर्फ

- गहुँको बीउ उत्पादनको लागि जनसेवा बहुमुखी सहकारी संस्था लि. (बा.न.पा ४) लाई ४१.६ हेक्टर र बोलबम कृषि तथा पशु विकास कृषक समूह (बा.न.पा ६) लाई ६.१६ हेक्टर गरी जम्मा ४७.७६ हेक्टर क्षेत्रफलको लागि ५७३३ के.जी विभिन्न जातको गहुँको मूल बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको ।
- विभिन्न जातको ५० मे.टन. गहुँको उन्नत बीउ खरिद गरी १२५६ वटा कृषक, कृषक समूह तथा कृषि सहकारीहरुलाई ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्य गरिएको ।
- पचास प्रतिशत अनुदानमा कृषक/ कृषक समूह/ सहकारी /कृषि फर्मलाई १०० वटा मौरी गोलाघार र १०६ के.जी. आधार चाका वितरण गरिएको ।
- कृषि समाग्री कम्पनी लि., तौलिहवा तथा साल्ट ट्रेडिङ कर्पोरेशन कृष्णनगरबाट कोटा अनुसार प्राप्त युरिया ८,०९४.३४ क्वीन्टल र डि.ए.पी. २,५३२.२६ क्वीन्टल मल नगरपालिकामा अनुदानको मल बिक्री वितरणको लागि अनुमति प्राप्त २५ वटा सहकारीहरुलाई बाँडफाँड गरी सिफारिस उपलब्ध गराउने तथा आवश्यकता अनुसार अनुगमन निरीक्षण गर्ने कार्य गरिएको ।
- नगरस्तरीय कार्यक्रमतर्फ ५ वटा स्थलगत कृषक तालिम (लाभान्वित महिला १२३ र पुरुष ७ गरी जम्मा १३० जना) संचालन गरिएको ।
- वडा नं. ११ देउवापार र वडा नं. ४ गजेहडा (प्याज बाली) तथा वडा नं. ७ मोतिपुर र वडा नं. ८ बालापुर (सिमी बाली) गरी ४ वटा आ.इ.पि.एम कृषक पांठशाला संचालनमा रहेको (लाभान्वित महिला ८४ र पुरुष १६ गरी जम्मा १०० जना ) ।
- किसानहरुले लगाएको बालीमा लागेका रोग र किराहरुको बारेमा प्राविधिक परामर्श दिई ८९५ जना कृषकहरुलाई निःशुल्क रोगनाशक तथा किटनाशक विषादी तथा भिटामिन उपलब्ध गराइएको ।
- १५ औं कपिलवस्तु महोत्सव एवम् कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी-२०८१ को अवसरमा कृषि मेला प्रदर्शनी संचालन गरिएकोमा २२५ जना कृषकहरुले २७९ वटा बालीवस्तु प्रदर्शन गरिएकोमा ७ वटा बाली समूहमा प्रथम, द्वितिय, तृतीय र सान्त्वना गरि २८ जना कृषकहरुलाई पुरस्कार तथा प्रमाण पत्र वितरण गरिएको र उक्त प्रदर्शनी १०३९ कृषक तथा अन्य व्यक्तिबाट अवलोकन गरिएको ।
- पचास प्रतिशत अनुदानमा साना मेसिनरी यन्त्र/ उपकरण वितरण कार्यक्रमको प्रस्तवाना माग गरी अनुगमन भईरहेको ।
- पचासी प्रतिशत अनुदानमा साना सिचाई मर्मत सम्भार तथा निर्माण कार्यक्रमको प्रस्तवाना माग गरी अनुगमन भईरहेको ।
- पचहत्तर प्रतिशत अनुदानमा व्यवसायिक तरकारी खेतिका लागी मल्चिङ प्लाष्टिक वितरण कार्यक्रमको प्रस्तवाना माग गरी अनुगमन भईरहेको ।
- १६० वटा कृषक समूह कृषि विकास शाखामा दर्ता भई कृषि विकास तथा कृषि प्रसार कार्यमा संलग्न रहेको ।
- २१६ वटा कृषि फर्म तथा कृषि सहकारी कृषि विकास शाखामा सूचीकरण भई कृषि विकास तथा कृषि प्रसार कार्यमा संलग्न रहेको ।

ङ) पशु सेवातर्फ

- पशु सेवा शाखाबाट हालसम्म यस आ.व.मा वर्षिम घाँसको बिउ २१.५० क्विन्टल, जै घाँसको बिउ २० क्विन्टल गरी ४१.५० क्विन्टल वितरण गरिएको छ । जसबाट ८६ हेक्टर जग्गामा घाँस खेति गरी ४२५ जना कृषक लाभान्वित भएका छन् ।

- १०३९ गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा पुऱ्याईएको र हाल भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र क.व. संगको समन्वयमा निःशुल्क कृत्रिम गर्भाधान सेवा सुचारु रहेको।
- ६८१२ पशुपंक्षीहरुमा उपचार सेवा प्रदान गरेको, जसबाट ३८०१ कृषक परिवार लाभान्वित भएको।
- प्रयोगशाला सेवा अर्न्तगत १२६५ पशुहरुको गोबर तथा दूध परीक्षण गरिएको।
- ५०४२ पशुहरुमा आन्तरिक परजिवी विरुद्ध औषधी वितरण गरिएको।
- बाणगङ्गा नगरपालिका वडा नं. ०९ मा २५० तथा पशु सेवा शाखामा ८४ गरी जम्मा ३३४ कुकुर बिरालोमा रेबिज विरुद्धको खोप लगाईएको।
- भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र क.व..संगको समन्वयमा बा. न. पा.०९ मा पशु स्वास्थ्य शिविर सम्पन्न भएको जसबाट १९२ कृषक परिवार लाभान्वित भएको।
- पचास प्रतिशत अनुदानमा व्यवसायीक पशुपंक्षी तथा मत्स्य फार्म सुधारको लागी परेका प्रस्तावहरुको अनुगमन भई छनौट प्रक्रियामा रहेको।
- पचास प्रतिशत अनुदानमा यान्त्रीकरणका लागी परेका प्रस्तावहरुको अनुगमन भई छनौट प्रक्रियामा रहेको।
- मासिक इपिडिमियोलोजीकल रिपोर्ट तयार गरी प्रदेश तथा संघमा (हाल सम्म ५ पटक) रिपोर्टिङ गरिएको।

**च) प्रधानमन्त्री रोजगार सेवातर्फः**

- आ.व. २०८१।०८२ का लागि EMIS मा सबै वडाहरुमा गरी कुल ५३५ जना बेरोजगार सूचीकृत भएको
- FEIMS SYSTEM अनलाईन मार्फत श्रम स्वीकृति सम्बन्धी आवेदन भर्ने जम्मा संख्या १७८ जना (महिला २ जना पुरुष १७६ जना) रहेको।
- वैदेशिक रोजगारीमा जाँदा मृत्यु भएकाको परिवारहरुलाई आर्थिक सहायताको सिफारिस गरेको ४ जना मध्ये २ जना आर्थिक सहायता पाएको र २ जना प्रक्रियामा रहेको।
- वैदेशिक रोजगारीमा जाँदा मृत्यु भएकाको परिवारहरुले आर्थिक सहायता पूर्णरुपमा प्राप्त गरी छात्रवृत्तिको लागि सिफारिस गरेको जम्मा २१ जना (महिला ११ जना पुरुष १० जना) रहेको।
- १५ औं कपिलवस्तु महोत्सव एवम् कृषि पर्यटन तथा औद्योगिक प्रदर्शनी मेलामा रोजगार सेवा केन्द्रको स्टल राखी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सहि सुचना दिने बेरोजगारको तथ्याङ्क लिएको जम्मा संख्या २०० जना (महिला- २० जना पुरुष-१८०जना) ले सेवा लिएका थिए।
- प्रधानमन्त्री हक सम्वन्धी निर्देशक समिति बैठक २ वटा सम्पन्न, जसमा जम्मा सहभागी संख्या २२ जना रहेको।

**छ) संघ, संस्था, क्लब र प्रतिष्ठानतर्फः**

- हालसम्म ११ वटा संघ, संस्था, क्लब र प्रतिष्ठान नवीकरणका लागि सिफारिस भएका छन् भने ५ वटा दर्ता भएका, १०२ वटा महिला तथा स्वालम्बन समूह र १०४ वटा टोल विकास समिति दर्ता भएका छन्।

**ज) न्यायिक समितितर्फः**

- यस आ.व.सम्ममा जग्गा सम्बन्धी विवाद संख्या ८ वटा मध्ये ३ वटा फर्छयौट भएको छ भने ३ वटा फछर्यौट प्रक्रियामा रहेको छ। त्यस्तै गरी, घरेलु तथा महिला हिंसामा १ वटा, पति पत्नी, अंशबण्डा तथा घरेलु सम्बन्धी ६ वटा मध्ये ५ वटा फछर्यौट भएको र १ वटा प्रक्रियामा रहेको र साँध सिमाना मिचिएको सम्बन्धी विवाद १ वटा प्रक्रियामा नै रहेको। हालसम्म पुनरावेदनमा कुनै मुद्दा नगएको।

**झ) वनतर्फः**

- नर्सरी स्थापना कार्य प्रक्रिया अगाडी बढ्दै छ।

नगरपालिका क्षेत्रभित्रका खुला क्षेत्र, सडक किनारा, सरकारी तथा गैर सरकारी संघसंस्था, विद्यालय परिसर, नदी किनार, सडक किनार, सार्वजनिक जग्गा, पर्ति तथा नदी उकासका स्थलहरुमा गई सम्भावित वृक्षरोपण स्थल पहिचानको क्रममा छ।

- फोहोरमैला प्रशोधन केन्द्र स्थापनाका लागि IEE रिपोर्ट अन्तिम चरणमा पुगेको छ।
- जैविक विविधता सर्वेक्षण प्रतिवेदन तयार हुने क्रममा छ।
- वन, वातावरण तथा जलवायु परिवर्तन बारे स्कुल अनुशिक्षण कार्य सञ्चालन भइरहेको छ।
- वन प्रोफाईल तयार हुने क्रममा छ।
- हरियाली क्षेत्र पहिचान कार्यक्रम अगाडि बढेको।

ञ) **घटनादर्ता पञ्जीकरणतर्फ:**

- जन्म ७९१ जना (पुरुष ४१५, महिला ३७६), मृत्यु ३०७ जना (पुरुष १८३, महिला १२४), विवाह ३३५ जोडि , सम्वन्धविच्छेद ४४ जना, बसाइसराइतर्फ बसाइसाइ गरी आएको ७६७ जना र बसाइसराइ गरी गएको २२९ जना दर्ता भएको देखिन्छ।

ट) **सामाजिक सुरक्षातर्फ:**

- सामाजिक सुरक्षा भत्ताको लागि आर्थिक वर्ष २०८१।०८२ को लागि विनियोजित रकम रु. ३८ करोड ८६ लाख ६२ हजार मध्ये प्रथम त्रैमासिकमा अन्य जेष्ठ नागरिक भत्ता रकम रु. ५ करोड ९९ लाख ९२ हजार ८ सय ९१ , जेष्ठ नागरिक भत्ता (दलित) रकम रु. २६ लाख ७ हजार ५ सय ९४, जेष्ठ नागरिक एकल महिला रकम रु. ५५ लाख १६ हजार ८ सय ४०, विधवा (आर्थिक सहायता) रकम रु. १ करोड २२ लाख ७२ हजार ३ सय ८२, पूर्ण अपाङ्गता (क बर्ग) रकम रु. १७ लाख ४ हजार ७ सय ९४, अति अशक्त अपाङ्गता (ख बर्ग) रकम रु. ३० लाख ७५ हजार ९ सय ५३, क्षेत्र तोकिएका बालबालिका रकम रु. ८८ लाख ४३ हजार ८ सय ४, दलित बालबालिका रकम रु. ५ लाख ९५ हजार २०, लोपन्मुख जाति रकम रु. ४ लाख १८ हजार ९ सय ५० गरी जम्मा लाभग्राही संख्या १४,४३९ जना लाई जम्मा रकम रु. ९,५०,२८,२२८।- (अक्षररुपी नौ करोड पचास लाख अठ्ठाइस हजार दुई सय अठ्ठाइस रुपैयाँ) रकम प्रत्येक लाभग्राहीको बैङ्क खातामा EFT (Electronic Fund Transfer) मार्फत पठाइएको छ।

ठ) **भूमि ईकाई:**

- भू-उपयोग योजना निर्माण तथा कित्तागत अद्यावधिक कार्यको लागि सूचीकृत फर्महरुबाट स्वीकृत RFP अनुसार आर्थिक तथा प्राविधिक प्रस्तावना माग गरिएको छ।
- भूमि शाखाबाट प्रदान गर्दै आईरहेको सेवा मध्ये यस अवधि सम्म कुल ४२० कित्ताहरु कित्ताकाटको लागी सिफारिस गरिएको छ।
- सरकारी तथा सार्वजनिक जग्गाहरुको लगत अद्यावधिक भइरहेको छ।
- सार्वजनिक जग्गा तथा सरकारी सम्पति संरक्षण र उपयोग सम्बन्धी कार्यविधि, २०८१ (मस्यौदा) तयार गरी छलफलको लागि विधायन समितिमा पेश गरिएको छ।

ड) **प्रज्ञा प्रतिष्ठान:**

- प्रज्ञा प्रतिष्ठान गठन भई कार्यविधि अनुसार कार्य आरम्भ गरिएको। विभिन्न कविहरुको जन्मोत्सवको दिवसीय कार्यक्रम गरिएको तथा बाणगङ्गाको समग्र क्षेत्रलाई समेटी ब्रसर प्रकाशनको अन्तिम चरणमा रहेको।

ढ) **पर्यटन प्रवर्द्धनतर्फ:**

- विभिन्न वर्ग समुदाय र संस्थाहरुले आ-आफ्नो पहिचान झल्किने गरी मेला, महोत्सव तथा पर्वहरु मनाएको।

CamScanner

ण) **संस्कृति संरक्षणतर्फः**

- बाणगङ्गा सर्किट निर्माणको लागि पूर्व तयारी रहेको।

त) **स्वास्थ्य तथा पोषणतर्फः**

- डेंगु रोग नियन्त्रण तथा रोकथम कार्यक्रममार्फत नगरस्तरीय, वडास्तरीय तथा विद्यालयस्तरमा अभिमुखीकरण गरी लामखुट्टेको लार्भा खोजौं र नष्ट गरौं कार्यक्रम सञ्चालन गरेको छ भने नगरपालिकामा सञ्चालित क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम अन्तर्गत ९६३ जना शंकास्पद क्षयरोगका बिरामीहरुमा स्क्रिनिङ्ग शिविर गरी ९ जना क्षयरोगका बिरामीहरु पत्ता लागेको र हालसम्म ५५ जना नयाँ क्षयरोगका बिरामी पत्ता लागेको।
- 'नो होम डेलिभरी कार्यक्रम' अन्तर्गत बर्थिङ्ग सेन्टरहरुमार्फत हालसम्म १५४ जनाले निःशुल्क एम्बुलेन्स सेवा लिएको।
- नगरपालिका मातहतका विभिन्न स्वास्थ्य संस्थाहरुमा सामान्य उपचारतर्फ OPD मा कुल जम्मा ५७,२०९ जना र ४८,२०० जना नयाँ बिरामीले सेवा लिएका छन् भने 'निःशुल्क आँखा शिविर सञ्चालन गरिएकोमा ८९८ जना लाभान्वित भएका छन्। जसमध्ये १५१ जनाको निःशुल्क शल्यक्रिया समेत गरिएको छ।
- सबै स्वास्थ्य संस्थाका नर्सिङ्ग कर्मचारीहरुलाई पाठेघरको मुखको क्यान्सर स्कृनिङ्ग सम्बन्धी VIA तालिम दिई सबै वडामा ४०१ जनाको जाँच गर्दा ४ जना पोजिटिभ बिरामी फेला परी थप जाँचको लागि बुटवल रेफर गरिएको।
- जटिल रोग अर्न्तगत मृगौला प्रत्यारोपण, डायलाईसिस, क्यान्सर तथा मेरुदण्डको पक्षघातका ११४ जना बिरामीहरुलाई आर्थिक सहयोग स्वरुप जम्मा रकम रु. १६ लाख ९० हजार/- वितरण गरिएको।
- नगर भित्रका सबै स्वास्थ्य संस्थाहरुमा eLMIS लागु गरिएको।
- नगरका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा ६४९३ जना किशोरीहरुलाई आईरन फोलिक एसिड वितरण गरिएको।
- वडा नं. ५ र ८ गरी दुईवटा वडाहरुलाई पोषण मैत्री दिगोपना र वडा नं. २, ४ र ९ नं. वडा पोषणमैत्री घोषणाको प्रक्रियामा रहेको।
- पालिकास्तरीय र वडास्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक/ सहजीकरण समितिको बैठक सम्पन्न भएको।
- विषयगत शाखाहरुको समन्वयमा वार्षिक कार्ययोजना निर्माण भएको।
- सुनौलो हजार दिनका आमाका घरपरिवारका सदस्यहरुलाई पोषण सम्बन्धी अनुशिक्षण सम्पन्न भएको।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विषयगत क्षेत्र (स्वास्थ्य, शिक्षा, कृषि, पशु तथा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय), UNICEF का प्रतिनिधीहरु र बाणगङ्गा नगरपालिका बिच बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयन र प्रभावकारिताको विषयमा अन्तक्रिया कार्यक्रम सम्पन्न भएको साथै वडा नं. १ को बैरियामा र वडा नं. ८ को स्वास्थ्य चौकीमा रहेको OTC केन्द्रको अनुगमन सम्पन्न भएको।

थ) **वातावरण तथा सरसफाइतर्फः**

- नगरपालिकालाई पूर्ण सरसफाई युक्त बनाउन वडा नं. १, २, ४, ७ र ८ मा कार्यक्रम सञ्चालन गरिएको।

द) **सुरक्षित आप्रवासन कार्यक्रमतर्फः**

- वैदेशिक रोजगारमा रहेका १९११ घर परिवारमा सम्पर्क समन्वय तथा परामर्श सेवा गरिएको (९६२ जना महिला र ९५० जना पुरुष गरी)

ध) **कर्मचारी व्यवस्थापनतर्फः**

- हाल १०८ जना करार र १२१ जना स्थायी गरी जम्मा २२९ जना कर्मचारीहरु कार्यरत रहेका छन्। जसमा कार्यालयतर्फ ६४ जना, वडातर्फ ३७ जना, पिपरा अस्पतालमा ५० जना र स्वास्थ्य चौकी, आयुर्वेद, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य क्लिनिक लगायत स्वास्थ्य संस्थातर्फ ७८ जना रहेका छन्। १०८ जना करार कर्मचारीहरु मध्ये संघ तथा प्रदेश विशेष कार्यक्रमतर्फ १९ जना कर्मचारी कार्यरत रहेका छन्। रिक्त दरवन्दीमा केही लोकसेवा आयोगमा माग गरिएको तथा केही स्थायी कर्मचारीको लागि सहमती प्रदान गरिएको छ। नगरपालिकाको आन्तरिक आयको अवस्था, जनसंख्या,

सेवाको चाँप लाई मध्यनजर गरी नगरपालिकाको संगठनात्मक संरचनाको अध्ययन गरी दरबन्दी मिलान गरिने प्रक्रियामा रहेको ।

ङ) सामाजिक सुरक्षा तथा संरक्षणतर्फः

- सामाजिक सुरक्षा तथा संरक्षणतर्फ नगरपालिकाले निरन्तररुपमा सेवा प्रदान गरिएको ।

५) नगरपालिकाको आगामी कार्यदिशाः

कपिलवस्तु जिल्लाभित्र रहेका पालिकाहरु मध्ये सवल सक्षम तथा प्रतिष्पर्धि पालिकाको हैसियतले जिल्लाकै विकासात्मक, प्रशासनिक तथा अन्तरनिकाय समन्वयका सवालमा नेतृत्व प्रदान गर्न यस बाणगङ्गा नगरपालिकाले आगामी दिनमा देहाएको क्षेत्रमा प्राथमिकताका साथ कार्यसम्पादन गर्नेछ ।

- नेपालको संविधानमा उल्लेखित नागरिकको मौलिक हक, नीति, राज्यका निर्देशक सिद्धान्त तथा संविधानमा उल्लेखित एकल तथा साझा अधिकारका क्षेत्र प्रयोग र संरक्षणमा आवस्यक संरचना, कार्यक्रम, साधन श्रोतको व्यवस्थापनमा नीति विधि र प्रविधिको प्रयोग र कार्यात्मक परिचालन अन्तर निकाय समन्वयमा गर्ने गराउने ।
- नगरलाई दिर्घकालीन रूपमा आर्थिक, सामाजिक र पर्यावरणीय दृष्टिले सँमृद्ध बनाउन देहाय बमोजिमका योजना समावेश गरी एकीकृत नगर विकास योजना निर्माण गरी क्रमशः कार्यान्वयन गरिनेछ ।
  - बाणगङ्गा चक्रपथ
  - बाणगङ्गा बसपार्क
  - फोहोरमैला व्यवस्थापन केन्द्र उद्योग
  - पिपरा अस्पताल भवन निर्माण
  - बाणगङ्गा बहुउद्देश्यीय सभाहल निर्माण
  - बाणगङ्गा एकीकृत नमूना हाट बजार निर्माण
  - बहुउद्देश्यीय पर्यटन प्रवद्धन, आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा ध्यान केन्द्र निमार्ण
  - बहुउद्देश्यीय पर्यटन पोखरी तथा मनोरन्जन केन्द्र निर्माण
  - बहुउद्देश्यीय सास्कृतिक संग्रालय निर्माण
  - बाणगङ्गा नदी कोरिडोर व्यवस्थापन (दाँया / बाँया )
  - बाणगङ्गा सर्किट ( साना सहकारी सडक, कृषि पशु र पर्यटन )
  - बाणगङ्गा भाषिक तथा साहित्यिक संग्रालय निर्माण
  - वन पैदावरमा आधारित नमूना उद्याम व्यवस्थापन
  - महत्वपूर्ण पुल निर्माण ( बनगाई- खुटेनी )
  - कृषि संकलन उपज केन्द्र निर्माण (प्रदेश स्तरीय)
  - आधुनिक तथा प्रविधि सम्पन्न पुस्तकालय
  - राष्ट्रिय स्तरको प्रविधिक सम्पन्न खेलकूद रंगशाला निर्माण
  - बाणगङ्गा नमूना एकीकृत वस्ति विकास
- नेपाल सरकार, प्रदेश सरकार तथा हामी आफैले घोषणा गरेका अभियानमुखि कार्यक्रमहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्ने ।
- कृषियोग्य जमिनको संरक्षण गर्दै कृषिलाई आधुनिकीकरण, वैज्ञानिकीकरण तथा प्रविधिकरण गर्दै लैजाने ।
- भू-उपयोग योजना निर्माण गरी समग्र भूमीको संरक्षण तथा सम्बर्द्धन गर्ने ।
- साना शहर निर्माण, शहरी रोजगारी सृजना तथा कृषि र वनमा आधारित लघु उद्यमको विकास र विस्तार गर्ने ।
- शहरीकरण तथा जनसंख्या व्यवस्थापनमा जोड दिने ।

- हरित अर्थतन्त्रमा जोड दिने।
- सुशासनयुक्त पूर्वाधार निर्माणमा प्राथमिकता दिंदै रणनीतिक योजनाहरु कार्यान्वयन गर्दै टुक्रे योजनाहरु निरुत्साहित गर्दै जाने।
- आधारभूत स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्दै जनताको स्वास्थ्य सम्बन्धि हकहरुको सुनिश्चित गर्दै जाने।
- सीप तथा प्रविधियुक्त शिक्षामा जोड दिने तथा वर्गीय र जातीय निरक्षरता हटाउन शैक्षिक अभियान सञ्चालन गर्ने।
- समाजमा वञ्चितिरणमा परेका समुदायहरूलाई सम्पन्नताको मूल प्रवाहमा ल्याउन खण्डिकृत तथ्यांकको आधारमा विशेष संरक्षण संवद्धन तथा पूर्खौली सीप विकासको अभियान सञ्चालन गर्ने।
- किसान परिचयपत्र अनिर्वाय गर्दै उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्ने र किसानको उत्पादन बजारीकरणको सस्थागत प्रवन्ध गर्ने।
- सेवा प्रवाहलाई जनमैत्री तथा प्रविधिमैत्री बनाई विश्वासिलो तथा सीघ्र सेवा प्रवाहमा सहसाशनको अवधारणा विकास गर्ने।
- राजस्व सुधार योजनाको आधारमा नगरपालिकाको आन्तरिक आयको अवस्था, अध्ययन विश्लेषण तथा परिमार्जन गर्दै नगरपालिकालाई प्रतिस्पर्धि र आत्मनिर्भर बनाउन भएका सबैं सम्भावनाहरुमा कार्य गर्ने।
- नगरपालिकाको ब्राण्ड कायम गर्न पर्यटन सर्किट निर्माणगरि पर्यटकीय पूर्वाधारको विकास संरक्षण, प्रचार प्रसार तथा लगानीमा बाह्य पक्षको संलग्नता सुनिश्चित गर्दै पर्यटन क्षेत्रलाई उद्योगको रुपमा रुपान्तरण गर्दै जाने।
- जलवायु अनुकुलन कार्यक्रम, विपद् व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने
- नागरिकमैत्री सेवा प्रवाहमा सामाजिक परिचालनलाई प्राथमिकतामा राख्ने ।
- दिगो विकास लक्ष्यका सूचकहरु परिपूरणका लागि क्रमश: लगानी वृद्धि गर्दै स्थानीयकरण गर्दै जाने।
- विगत वर्ष देखि व्यवस्थापन हुँदै आएका छाडा चौपायाहरुलाई व्यवस्थित गर्न अस्थायी टहरामा रहेका गाईहरु मधुवनमा भागिरथी गौशालामा क्रमशः स्थानातरण गर्दै अन्तर पालिका समन्वयमा उक्त क्षेत्रलाइ **"गौ संरक्षण तथा Animal Research Center"** मा रुपान्तरण गरी गौ महोत्सव र आन्तिरक आय वृद्धिमा प्रभावकारी कार्य सम्पादन गर्दै जाने।
- चालु सोह्रौं योजना , प्रादेशिक योजना, नगरपालिकाको पञ्चवर्षिय योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेट र मध्यमकालिन खर्च संरचना बीच कार्यात्मक सन्तुलन मिलाउने।
- विश्वासिलो सेवाप्रवाह, सेवा प्रवाहमा नवप्रवर्तन, दोहोरो उत्तरदायित्व, जवाफदेहिताको सुनिश्चितता कायम गर्न प्रभावकारी नीतिगत, संस्थागत, संरचनागत तथा व्यवहारगत पूर्वाधारको विकास गर्दै जनताको खुसियाली वृद्धि गर्दै जाने।

अन्त्यमा,

समाज सञ्चालन राजनीतिक दल , नागरिक क्षेत्र तथा कार्मचारी वर्गको त्रीकोणात्मक समन्वयबाट हुने हुँदा एक पक्षीय प्रयासबाट गन्तव्यमा पुग्न सकिदैन राजनीति नीति निर्माता तथा नीतिको संरक्षक, कर्मचारीतन्त्र नीति, विधि तथा प्रविधि कार्यान्वयनकर्ता र समग्र नागरिक क्षेत्र अनुगमन कर्ताको साथै सम्वृद्धि तथा समुन्नतिको संरक्षक बन्न सकेमा अधिकारमा आधारित विकास, समावेशी तथा समानुपातिक विकासको लक्ष्य प्राप्ति भई नागरिकहरुको खुसियाली वृद्धि तथा नगरपालिकाले तय गरको कार्यात्मक रणनीति **"ब्राण्ड बाणगङ्गा विलिभ बाणगङ्गा"** कार्यात्मक गतिमा परिपुरण भई हाम्रा सपना तथा जनताका भावना पुरा हुदा समग्रमा सुशासन कायम गर्न सकिने भएकोले हाम्रो साझा अभियान प्रभावकारी सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता सहितको सुशासन तथा स्थानीय समावेशी विकासको माध्यमवाट समृद्धि प्राप्त गरी समग्र समुन्नतिको यात्रामा हामी सबै सरोकारवालाको सहभागिता सुनिश्चित गर्नुको हुनेछ।

यो समग्र समुन्नतिका यात्रामा सवै पक्षको सहयोग सुझाव तथा सहयात्राको अपेक्षा सहित हाल सम्म यो पुनित कार्यमा सहयोग गर्नुहुने समग्र राजनीतिक क्षेत्र, नागरिक क्षेत्र, सम्पूर्ण पूर्व जनप्रतिनिधिहरु तथा वर्तमान सवै जनप्रतिनिधिहरु र समग्र कर्मचारी वर्गमा हार्दिक धन्यवाद दिंदै निरन्तर सहयोग सल्लाह तथा सुझावको अपेक्षा सहित विदा चाहन्छु।

धन्यवाद !

चक्रपाणी अर्याल
नगर प्रमुख

अनुसुची – ५

## १६औं नगरसाभामा नगरसभा सदस्यहरुले राखेको भनाई

१. **चुरामणी अर्याल – वडा नं. ९**

- छाडा चौपायाको व्यवस्थापन एकै ठाउँबाट गर्न पाए राम्रो हुने थियो की ।
- स्थानीय सरकार प्रति, जनप्रतिनिधिहरु प्रति विश्वास नरहेको, जनताका गुनासा र निरासाहरु चिर्न नसकिएको ।
- नगरपालिकाबाट बजेट विनियोजन गर्दा प्राथमिकाताका आधारमा गर्न सके प्रगति राम्रो देखिने थियो की ।
- ढुङ्गा, गिटी, बालुवाको दरत रु. १५ बनाउँदा अन्य विषयमा पनि कर बढेकोले बाहिर जनमानसमा नराम्रो असर पर्छ की, सन्देश नराम्रो जान्छ की ।

२. **टोपकला वि.सी. – वडा नं. १**

- सुत्केरी पोषणमैत्री वडा घोषणा गर्दै गर्दा वच्चा जन्माउने आमाहरुलाई वच्चाको जन्मदर्ताको लागि कार्ड नबनाईदिने कारण जन्मदर्ताबाट वञ्चित भएका छन् की ।
- शहरीकरण, बजारीकरण भएको हाम्रो पालिकामा रहेका बाह्य जिल्लाबाट आएर बसोबास गर्नेको जन्मदर्ता कहाँबाट गर्ने ।
- दुईवटा वडाहरुको सिमामा निर्माणाधिन कल्भर्टको विषयमा सम्बन्धित वडाध्यक्षहरु जवाफदेही हुनुपर्ने ।

३. **ज्ञान बहादुर कार्की – वडा नं. ५**

- पालिकाबाट हरेक चीज घोषणा गर्दै जादा हामीले सफलता अनुभूति गरिरहेका त छौं । जुन घोषणामा मत्र सिमित रह्यो की । त्यसैले यसलाई व्यवहारमा पनि लागु गर्नुपर्नर देखिन्छ । कतिपय वडाका बासिन्दाहरुको घरमा शौचालय नभएको अवस्था पनि छ । त्यसैले घोषणा मात्र नभएर दीगोपनाको कार्यक्रम पनि सञ्चालन गर्ने की ।
- पोषणमैत्री वडा, स्वास्थ्य संस्था घोषणा गर्नको लागि बजेट विनियोजन भएको देखिएन । त्यसको अनुरुप बजेटको व्यवस्था भएको भए राम्रो हुने थियो ।
- स्वास्थ्य सेवा ऐन, २०८१ को समितिमा किशोर किशोरी/बाल सञ्जालबाट २ जना सदस्य हो की १ जना स्पष्ट पारिदिनुपर्‍यो ।
- नगरका आत्मनिर्भरका प्रतिवेदन, विधेयक पास गर्दा सोचेर पास गर्ने की ।

४. **यमकला के.सी. – वडा नं. ११**

- ढुङ्गा, बालुवा ढुवानीको मूल्याङ्कन गर्दा टाढाका वडाहरुलाई मर्का परिरहेको छ । सवै वडाको मूल्याङ्कन एउटै नभएर दुरिको हिसावमा गरिदिए राम्रो हुने थियो की ।

अनुसूची-६

(१६औं नगरसभाको निर्णय नं.५ सँग सम्बन्धित)

नगर प्रवक्ता विष्णुप्रसाद पौडेलज्यूबाट

बाणगङ्गा नगरपालिकाको १६औं नगरसभामा प्रस्तुत भएको समसामयिक तथा सार्वजनिक महत्वका प्रस्तावहरु

नगरसभा अध्यक्षज्यू, सभा उपाध्यक्षज्यू, सभाका सचिवज्यू, सम्पूर्ण वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, राष्ट्रसेवक साथीहरु एवम् सुरक्षाकर्मी साथीहरु;

म यस गरिमामय नगरसभामा सार्वजनिक महत्वको प्रस्तावहरुको लागि फोलोर पाउँदा अत्यन्त हर्षित छु । बाणगङ्गा नगरपालिकाले प्राथमिकतामा राखी कार्यक्रम गर्नुपर्ने सार्वजनिक महत्वका प्रस्तावहरु निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।

सार्वजनिक महत्वका प्रस्तावहरु

१ नेपालको संविधानको समन्वय, सहकार्य र सह अस्तित्वको मर्म अनुसार हामी तिनै तहका सरकारसँग अझ सुमधुर सम्बन्ध राख्दै अन्तर्पालिका समन्वयलाई अझ बढी जोड दिँदै, संघ तथा प्रदेश मन्त्रालयहरुसँगको समन्वयलाई अझ वृद्धि गर्दै विकास निर्माणका ठूला तथा अत्यावश्यक योजनाहरुलाई तत्काल कार्यान्वयनमा ल्याउने गरी व्यवस्था गर्न आवश्यक देखिन्छ ।

२ छिमेकीमा समस्या पर्दा त्यो समस्या भोलिका दिनमा आफ्नोमा पनि हुनसक्छ भन्ने विश्वास राख्दै छिमेकी पालिकाहरुसँग सरसफाई, फोहर व्यवस्थापन र छाडा चौपाया नियन्त्रणको विषयमा अत्यन्त सम्वेदनशिल भई लाग्नु पर्ने आवश्यकता देखिएको छ ।

३ विगत वर्षहरुमा निकै ठूलो आलोचनाको विषय र नेपालको पश्चिम तराईको सबैभन्दा समस्याको विषय छाडाचौपाया व्यवस्थापन रहेकोमा यस बाणगङ्गा नगरपालिकाले अल्पकालिन, मध्यमकालिन र दिर्घकालिन गरी पशुचौपाया व्यवस्थापन गर्ने जुन सोच संकल्प लिएको थियो सोही अनुरुप व्यवस्थापनको चरणमा रहेको छ र चौपाया व्यवस्थापनमा प्राथमिकता दिँदै लगानी गर्नुपर्ने आजको आवश्यकता छ । कम्तिमा २ हजार गाईवस्तु एकै स्थानमा राखेर व्यवस्थापन गर्ने र यस बाणगङ्गा नगरपालिकाको मधुवन क्षेत्रलाई आन्तरिक पर्यटन तथा प्रवर्द्धनमा जोड दिदै ब्राण्ड बाणगङ्गा विलिभ बाणगङ्गाको नीति अनुरुप गुरुयोजना निर्माण गर्न आवश्यकता महसुस गरिएको छ ।

४ लागु औषध दुर्व्यसनी एउटा मन्द विषको रुपमा फैलिरहेको र भविष्यमा यसलाई नियन्त्रण तथा व्यवस्थापन गर्न ठूलो आर्थिक व्यय हुने सम्भावना सहित विकराल स्थिति देखा परेको छ । विभिन्न हत्या, हिंसा, बलात्कार जस्ता जघन्य अपराधका घटनाहरु बढ्नुमा पनि लागु औषध दुर्व्यसनीको प्रभाव रहेको छ । यसलाई अझ प्रभावकारी बनाई बेलैमा नियन्त्रण गर्न र यस विषयमा गम्भिर हुन समस्त सरोकारवालाहरु, राजनीतिक दल र जनप्रतिनिधि लाग्न आवश्यक छ ।

५ बाणगङ्गा नगरपालिकाको वडा नं. ५ र ८ आवश्यक पर्ने सम्पूर्ण सूचकहरु पुरा गरी पोषणमैत्री वडा घोषणा भईसकेको छ । अब अन्य वडा र स्वास्थ्य संस्थाहरु पोषणमैत्री वडा घोषणाको लागि सूचकहरु पुरा गर्न सक्रिय रुपमा अग्रसर भई लाग्नुपर्ने र सिङ्गो नगरपालिकालाई नै पोषणमैत्री नगर घोषणा गर्नुपर्ने देखिन्छ ।

६ बाणगङ्गा नगरपालिकाको अर्को मुख्य समस्याको विषय रहेको फोहोरमैला व्यवस्थापन नीति तथा बजेटमा यो विषयले प्राथमिकता पाउने गरेको भएतापनि हालसम्म स्थायी रुपमा समाधान हुन नसक्दा अझपनि केही केही जनताको गुनासो आउने गरेको छ । यसलाई छिटो भन्दा छिटो दिर्घकालिन व्यवस्थापन गर्न अत्यावश्यक छ र यसलाई सबै वडाहरुले उत्तिकै प्राथमिकता पनि दिनुपर्दछ ।

७ आकस्मिक रुपमा आउने विपद्का कारण गरिब दु:खीहरुको स्वास्थमा प्रभाव नपरोस् भन्ने हेतुले यस क्षेत्रका सम्बन्धित जनप्रतिनिधि, महिला स्वयमसेविका र सबै स्वास्थ संस्थाहरुले जनधनको न्यूनीकरण गर्न अपनाउनुपर्ने कार्ययोजना बनाई लागु गर्न आवश्यक देखिन्छ ।

८ समय समयमा हुने शितलहर, खडेरी, आगलागी, बाढी, डुबान जस्ता विपद्का घटनाहरुलाई समयमै कम भन्दा कम क्षति हुनेगरी हुनसक्ने विपद् व्यवस्थापनको पूर्वतयारी अत्यन्तै आवश्यक देखिन्छ । निजी तथा सार्वजनिक संरचनाहरु निर्माण गर्दा पर्याप्त पानीको निकास हुने गरी निर्माण गर्न त्यसको निगरानी हुनु जरुरी छ । सामान्य स्वार्थको लागि भावि पिँडीमा समेत प्रभाव नपर्ने गरी त्यस्ता निर्माण कार्यहरुलाई जोड दिनु आजको आवश्यकता रहेको छ ।

स्वस्थ खानेपानीको अवधारणा अनुसार एक घर एक धाराको नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि यस नगरपालिका भित्र रहेका खानेपानी सेवा प्रदायक संघ संस्थाहरुसँग समन्वय सहकार्य गरी हरेक वडावासीहरुलाई स्वस्थ खानेपानीको व्यवस्थापन गर्न अत्यन्तै आवश्यक देखिन्छ। स्वच्छ खानेपानी सेवाको हिसावले र सरसफाईको हिसावले हामी बाणगङ्गा नगरपालिका अन्य पालिकाको तुलनामा धेरै अगाडी बढेका छौं। यसलाई सबै घरधुरीहरुमा स्वच्छ खानेपानी प्रदान गर्ने पहिलो नगरपालिका बनाई अभिलेखमा स्थापित गर्न आवश्यकता रहेको छ।

१० हालको स्रोत साधनको प्रयोग गर्दै भविष्यका सन्ततीहरुलाई समेत स्रोत साधनको उपयोगको ग्यारेण्टीको व्यवस्था गर्नु हामी सबैको कर्तव्य हुन आउछ। यसैले वातारणमैत्री स्थानीय सरकार बनाउनका लागि टोल टोल वडा वडा हरुबाट पूर्ण सरसाफाईका कार्यक्रमहरु सञ्चालन गर्न समुदाय, टोल, वडा घोषणाको लागि कार्यक्रमहरु ल्याउन अत्यावश्यक देखिन्छ।

११ कृषि क्रान्तिको अवधारणालाई कार्यान्वयन गर्न नगरभित्र रहेका साझेदारी वन, सामुदायिक र सार्वजनिक वनहरुसँगको समन्वय, सहकार्य र लागत सहभागितामा हरेक समुदायहरुलाई कृषिमा जोड्दै आर्थिक उत्पादनमुखी नगर र नगर समृद्धि तर्फ जोड दिन आवश्यक देखिन्छ।

१२ प्राविधिक शिक्षामा नेपालकै उत्कृष्ट विद्यालय जनता मा.वि. पिपरालाई हार्दिक बधाई दिँदै नगरपालिकाको शिक्षामा गुणस्तर वृद्धि गर्न अन्य सामुदायिक विद्यालयहरुलाई समेत व्यवस्थित गर्दै नगरपालिकालाई शैक्षिक ब्राण्डको रुपमा चिनाउन प्रविधिको प्रयोग गरी शिक्षकहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु गर्न आवश्यक छ।

१३ बढ्दो प्रविधिको उपयोगका कारण जनप्रतिनिधि एव कर्मचारीहरु प्रविधिमा अनविज्ञ नहुन भन्ने उद्देश्यका साथ समय समयमा प्रविधि प्रयोग सम्बन्धी प्रशिक्षण जस्ता कार्यक्रमको आयोजना गर्नुपर्ने देखिन्छ।

१४ समुदायमा वित्तीय पहुँच अभिवृद्धि, स्थानीय उद्यमशिलता प्रवर्द्धन, महिला सशक्तिकरण, नेतृत्व तथा क्षमता विकास गर्दै बेरोजगारी न्यूनीकरणमा सहकारीको भूमिकालाई सशक्त बनाउदै नगरको आर्थिक समृद्धि हासिल गर्ने तर्फ विशेष ध्यान दिनुपर्नेछ।

१५ अन्य तालिम तथा कार्यक्रमहरु भन्दा सीपमूलक तालिम कार्यक्रमहरुलाई प्राथमिकता दिँदै नगरभित्र रहेका बेरोजगारहरुको संख्या घटाउँदै स्वरोजगार प्रवर्द्धन योजना र कृषि तथा हस्तकला उद्योगको प्रवर्द्धन गर्दै स्थानीय रुपमा उत्पादित सामानहरुको बजार व्यवस्थापन र निर्यात बढाउनेतर्फ नगर उन्मुख हुने साथै अन्तर-पालिका सहकार्य गर्दै अत्यावश्यक वस्तुहरुको बजार अनुगमन र मुल्य नियन्त्रणको पहल गर्नुपर्ने आवश्यक देखिन्छ।

१६ नेपाल सरकार मन्त्रिपरिषद्को मितिः२०८१।०९।०९ गतेको निर्णयानुसार कपिलवस्तुको तौलिहवाबाट भई रहेको बाणगङ्गा नगरपालिकाको मालपोत तथा नापी सम्बन्धी सेवाहरु बाणगङ्गा नगरपालिकाबाटै हुने गरी कार्यालय स्थापनमा गर्ने निर्णयले बाणगङ्गा बासीहरुलाई कार्य सरलीकरणमा सहजता प्राप्त हुने निश्चित छ यो निर्णय गराउन पहल गर्नुहुने भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री माननीय बलराम अधिकारीज्यू, राष्ट्रिय सभा उपाध्यक्ष श्रीमान् बिमला घिमिरेज्यू लगाएत सिङ्गो नेपाल सरकार मन्त्रीपरिषद्लाई हार्दिक धन्यवाद ज्ञापन गर्ने र उक्त कार्यमा सहयोग पुराउनुहुने सबैमा हार्दिक आभार व्यक्त गर्ने।

१७ नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुलाई विकास तथा प्रवर्द्धन गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्ने योजनालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यक देखिन्छ।

१८ नगरपालिकाका प्रशासनिक, विकासात्मक तथा अन्तर-निकाय समन्वयका गतिविधिहरुलाई नीति, विधि र प्रविधिमा रुपान्तरण गरी नगरवासीको खुसीयाली अभिवृद्धि गर्दै **"ब्राण्ड बाणगङ्गा बिलिभ बाणगङ्गा"** अभियानलाई साकार रुप दिन समस्त सरोकारवालाहरु, राजनीतिक दल र जनप्रतिनिधि लाग्न आवश्यक छ।

सभा अध्यक्षज्यू, सभा उपाध्यक्षज्यू, सचिवज्यू र नगरसभा सदस्यज्यूहरु,

यी सार्वजनिक महत्वका प्रस्तावहरुलाई अवका दिनमा मुख्य प्राथमिकतामा राख्नु आवश्यक रहेको छ जसले सिंगो नगरपालिकाको विकास निर्माण तथा सामाजिक परिवर्तनमा ठूलो मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा यी समसामायिक तथा सार्वजनिक महत्वका प्रस्तावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न समस्त सरोकारवाला, राजनीतिक दल, जनप्रतिनिधि, संघ संस्था एवम् सम्पूर्ण नगरवासीहरुको आ-आफ्नो तह र तप्काबाट जिम्मेवारीपूर्वक लाग्नुहुनेछ र "समृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण **सहितको पूर्वाधार"** भन्ने अवधारणा साकार हुनेछ भन्ने पूर्ण विश्वास सहित विदा हुन चाहन्छु।

धन्यवाद, नमस्कार।

बिष्णुप्रसाद पौडेल
नगर प्रवक्ता
बाणगङ्गा नगरपालिका

अनुसूची-७

(१६औं नगरसभाको निर्णय नं. ६ सँग सम्बन्धित)

पाँच वर्षे नगर शिक्षा योजनाको संक्षिप्त विवरण

## प्रारम्भिक बालविकास

**लक्ष्यः-**

वालमैत्री बालविकास केन्द्रको उचित व्यवस्थापन गर्दै ४ वर्षका बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि बालबालिका तयार गराउने।

**उदेश्यहरुः-**

१. चार वर्ष उमेर समुहका बालबालिकाको सर्वाङ्गीण विकासका लागि अभिभावकलाई सहयोग र सचेत गराउने।
२. प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको माध्यमबाट बालबालिकामा आवश्यक क्षमता ( शारिरीक ,मानसिक , सामाजिक र संवेगात्मक) को विकास गराई प्रारम्भिक वालशिक्षाको अनुभव सहित कक्षा एकमा भर्नाका लागि तयार गराउनु।
३. प्रारम्भिक बालविकास तथा शिक्षाको सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु।
४. बालविकास केन्द्रहरुका लागि राष्ट्रिय मापदन्डले निर्धारण गरेको भौतिक पुर्वाधार ,व्यवस्थापन र कार्य सम्पादन स्तरको अवस्था पहिचान र विश्लेषण गर्ने।
५. सरसफाई र सुरक्षा सम्वन्धी बानी वसाल्न तथा सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने।

**रणनीतिः-**

१. पोषण तथा स्वास्थ्यको विषयमा अभिभावकलाई सचेत बनाउने।
२. नगर भित्रका ४ वर्षका सबै बालबालिकाको बालविकास सेवामा पहुँचको सुनिश्चितता गर्ने।
३. बालविकास केन्द्रको आवश्यक पुर्वाधार विकास गर्ने।
४. बालविकास सेवा केन्द्रमा सहजकार्यकर्ताले शिष्टाचार तथा सामाजिकीकरणका कुराहरु सिकाउने।
५. बालविकास केन्द्र सञ्चालन निर्देशिका तयार गरी केन्द्रमा पारदर्शिता तथा शुसासन कायम गर्ने
६. पोषणयुक्त दिवा खाजाको प्रभावकारी व्यवस्थापन गर्ने।
७. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकता अनुसार पुनः वितरण तथा नयाँ केन्द्रको स्थापना गर्ने।
८. बालमैत्री नमुना बालविकास केन्द्रको स्थापना गर्ने।
९. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

## आधारभूत शिक्षाको लक्ष्यः-

आधारभूत तहको शिक्षामा पहुँच, निःशुल्क तथा गुणस्तरिय शिक्षाको सुनिश्चितता गर्दै असल अभ्यासहरुको पहिचान तथा अनुशरणबाट माध्यमिक तहको शिक्षाका लागि जनशक्ति तयार गर्ने।

**उद्देश्यहरु**

- आधारभूत तह सम्म संचालित विद्यालयहरुको आवश्यक पक्षको व्यावस्थापनका लागि स्रोतहरुको प्रबन्ध गर्दै अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्नु।
- अनिवार्य तथा निशुल्क शिंक्षाको लागि दिवा खाजा छात्रवृति र अभिभावक सचेतीकरण अभियान विस्तार गर्नु।
- राष्ट्रिय पाठयक्रमले निर्धारण गरेको पठन तथा बोध सिप मापदन्ड पुरा गर्ने।
- गुणस्तरीय आधारभूत शिक्षामा पालिका भित्रका सबै वालवालिकाको पहुँच सुनिश्चित गर्नु।
- विद्यालय शिक्षाको व्यवस्थापकीय प्रक्षमा सुधार गर्दे सिकाईलाई दैनिक जीवन सँग सम्वन्धित बनाउने।

**रणनीतिहरु**

- पाठयपुस्तक जनशक्ति व्यावस्थापन शिक्षण विधि खेलकुद सामग्री सुरक्षित र समावेशी कक्षाकोठा निर्माण र व्यवस्थापन गर्न मापदन्ड निर्धारण गरी कार्यान्वयनमा ल्याईनेछ।
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमको न्यूनतम प्याकेज कार्यान्वयनमा ल्याईनेछ।

CamScanner

- अनिवार्य तथा निशुल्क आधारभुत शिक्षाको सुनिश्चितता तथा सबैको अनिवार्य सहभागिता हुने कानुनी व्यवस्था गरी स्थानीय तहबाट प्रदान गर्ने सेवा सुविधा सँग समन्वय हुने व्यवस्था मिलाईनेछ ।
- शैक्षिक सत्रको सुरुवातमा अभिभावक सचेतीकरण कार्यक्रम संचालन गरी सबैको सहभागितामा अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितता हुने वातावरण सिर्जना गरिनेछ ।
- विद्यालयमा बालमैत्री, प्रविधिमैत्री, समावेशी र सुरक्षित सिकाई वातावरण तयार गरिनेछ ।
- सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गरिनेछ ।
- शिक्षकको पेशागत विकास तथा पेशागत सहयोगको सुनिश्चितता गरिनेछ ।

**आधारभूत शिक्षाका मुख्य समस्याहरु:**

१. अनिवार्य र निशुल्क आधारभूत शिक्षाको सुनिश्चितता नहुनु ।
२. आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु ।
३. अभिभावकमा सार्वजनिक विद्यालय शिक्षाप्रतिको चासो र सहभागितामा कमि हुनु ।
४. अभिभावकहरु संस्थागत विद्यालय प्रति आकर्षण हुँदै जानु ।
५. विद्यार्थी संख्या र विषयको आधारमा शिक्षक व्यवस्थापन नहुनु ।
६. विद्यालयहरुमा आवश्यकता अनुरुपको भौतिक पूर्वाधार पुरा नहुनु ।
७. शिक्षकहरू प्रविधि मैत्री शिक्षण सिकाइका लागि तयार नहुनु ।
८. प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा प्रयोगको अवस्था सिर्जना नहुनु ।
९. शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा सहयोग गर्ने पद्दति विकास हुन नसक्नु ।
१०. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहुनु ।
११. विद्यालयमा प्राथमिक उपचारसम्वन्धि किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु साथै सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु ।
१२. विद्यालयका बालबालिकाहरूका लागि आधारभूत स्वास्थ्य परीक्षणका लागि जनशक्तिको अभाव हुन ।
१३. सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू सञ्चालन नहुनु ।
१४. सबै विद्यालयमा पुस्तकालय तथा सिकाइ कुनाको प्रबन्ध नहुनु, भएका विद्यालयहरुमा प्रयोग नहुनु
१५. विद्यालयलाई विपद उत्थानशील बनाउन नसक्नु

***चुनौतीहरु:***

१. सबै बालबालिकाको आधारभूत तहको अनिवार्य र निशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्न ।
२. आधारभूत तहको शिक्षालाई गुणस्तरीय, प्रविधि मैत्री र अपाङ्ग मैत्री बनाउन ।
३. आधारभूत तहमा टिकाइ दर वृद्धि गर्न ।
४. नक्शाङ्कन तथा जनसंख्याको आधारमा विद्यालयको पुनर्व्यवस्थापन गर्न ।
५. विषय तथा विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गर्न ।
६. विद्यालय सुशासनको प्रत्याभूति दिन ।

## *माध्यमिक शिक्षा*

**लक्ष्य:-**

प्रजातान्त्रीक मुल्य मान्यता तथा मानव अधिकारलाई संस्कारका रुपमा ग्रहण गर्दै श्रम प्रति निष्ठावान, सामाजिक भावनाले उत्प्रेरित, मानविय मुल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभुत मान्यताको ज्ञान, सिप तथा दृष्टिकोण विस्तार गरी मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने ।

**उदेश्य:-**

- माध्यमिक तहको शिक्षण पद्धतिलाई व्यवहारिक, अनुसन्धानमूलक, सिकारुमैत्री तथा भय रहित बनाउदै विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गरी प्रतिस्पर्धि तथा उच्च शिक्षा हासिल गर्न योग्य बनाउने ।

- आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई सिपमुलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने ।
- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिताको सुनिश्चित गर्ने ।
- विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण, बालमैत्री, प्रविधि मैत्री, समावेशी र सुरक्षित बनाउने ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने ।
- प्रशासकिय र व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउने ।

**रणनीति:-**

- माध्यमिक शिक्षाका लागि आवश्यक भौतिक तथा शैक्षिक पुर्वाधार विकास गरी प्रभावकारी संचालन तथा व्यावस्थापन गरिनेछ
- प्राविधिक तथा व्यवसायिक शिक्षा संचालनका लागि आवश्यक प्रवन्ध गरिनेछ,
- विद्यार्थी संख्या र दुरीका आधारमा विद्यालय नक्साङ्कन गरी विस्तार वा एकीकरण गरिनेछ ।
- विद्यार्थीको आवश्यकता तथा सबैको पहुँच हुने गरी निशुल्क माध्यमिक शिक्षा संचालनको व्यवस्था मिलाईनेछ ।
- सबै विद्यालयमा न्यूनतम सिकाई वातावरणको सुनिश्चित गरिनेछ ।
- माध्यमिक तहमा विषयगत दक्ष शिक्षकको व्यवस्था गरिनेछ ।
- शिक्षकहरुको पेसागत विकास तथा सहयोगको व्यवस्था मिलाईने छ ।
- आवधिक रुपमा सिकाईको मूल्याङ्कन गरी विद्यार्थीको सिकाईमा जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरुलाई आकर्षित गर्न आवश्यक पुर्वाधार सहितको व्यवस्था गरिनेछ ।
- हरेक विद्यालयलाई सूचना प्रविधि मैत्री बनाउदै शिक्षण सिकाई पद्धतिमा सुधार गरिनेछ ।
- शिक्षकहरुका लागि अभिप्रेरणाका कार्यक्रमहरू संचालन गरिनेछ ।
- अति गरिब र समावेशीता आधारमा समायानुकूल छात्रवृत्तिको व्यवस्था गर्ने |
- संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गर्ने |
- सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गर्ने |
- गरेर सिक्ने ( learning by doing ) को मान्यतालाई प्रयोगमा ल्याइने
- सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै स्टिम (STEM) को अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने
- गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, अभिभावक र शिक्षकमा सहज अनुभूति हुने गरी वातावरण तयार गर्ने |
- विद्यालय व्यवस्थापन र प्रशासनिक कार्य चुस्त दुरूस्त राख्न यातायातका साधनको व्यवस्था गर्ने । छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिने ।
- विद्यालयमा सुरक्षा गार्डको व्यवस्थापनमा जोड दिइने छ ।
- विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभाकारी बनाइने |
- विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन,कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गरिने |
- प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनमा विद्यार्थी तथा शिक्षकलाई पूर्व तयारी भई विपदमा सहयोगका लागि तयारी हुन जोड दिने ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्न नियमित स्वास्थ्य परीक्षणका साथै जङ्क फुडको प्रयोगलाई निषेध गरी अर्गानिक खाद्य पदार्थको प्रयोगमा जोड दिने ।

**समस्या र चुनौतीहरू**

- विद्यार्थीको अनुपात एंवम विषयगत आधारमा शिक्षक दरबन्दीको अभाव,
- व्यवस्थित तथा आवश्यक सामाग्री सहितको विज्ञान प्रयोगशालाको अभाव,

- गुणस्तरीय शिक्षाका लागि आवश्यक अंगका रुपमा रहेको व्यवस्थित गणित, सामाजिक तथा अन्य विषयगत प्रयोगशाला एवं प्रर्याप्त पुस्तक सहितको पुस्तकालयको व्यवस्था हुन नसक्नु,
- शैक्षिक उपलब्धी वृद्धिका लागि विशेष कार्यक्रमहरु निर्माण र कार्यन्वयनमा अप्रर्याप्तता
- विषयगत शिक्षक समिति गठन, शिक्षकहरु बीचको अन्तर्क्रिया तथा अनुभव आदान प्रदानको वातावरण निर्माण हुन नसकेको,
- बैयक्तिक क्षमता प्रस्फुटनका लागि आवश्यक पक्ष खेलकुद, संगित र नृत्य लगाएत कार्यक्रमहरु संचालनका लागि कार्यक्रम र बजेटको अभाव,
- नर्शिङ्ग सहितको प्राथमिक उपचार कक्षको व्यवस्थापन हुन नसकेको।
- सबै माध्यमिक विद्यालयहरुमा आवश्यक मापदण्ड सहितको भौतिक पूर्वाधार विकास हुन नसकेको,
- अनुगमन, निरीक्षण बाट प्राप्त विवरणहरुको लेखाजोखा र कार्यान्वयनमा कमि,

## प्राविधिक शिक्षा

**लक्ष्य:-**

मध्यम स्तरको स्व रोजगारमूलक जनशक्ति तयार गर्ने।

**उद्देश्य:-**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धी गर्ने।
२. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षामा जोडने।
३. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा एंव सिप विकासको अवसर सृजना गर्न आवश्यक संयन्त्रको निर्माण तथा विकास गर्ने।
४. समय सापेक्ष बजार अनुकुलको जनशक्ति उत्पादनमा जोड दिने।
५. प्राविधिक तथा व्यावसायिक शिक्षा एंव सिप विकासको लागि भौतिक तथा शैक्षिक पुर्वाधार विकास गर्ने।

**रणनीति:-**

१. उत्पादनमूलक जनशक्ति तयार गर्नका लागि विभिन्न कार्यक्रम तथा बजेटको व्यवस्था र प्रोत्साहन कार्यक्रम मार्फत उत्पादित जनशक्तिलाई स्थानीय तहमै सेवा गर्न उत्प्रेरित गरिनेछ।
२. नगरपालिका भित्र आवश्यक प्राविधिक शिक्षाको आकलन गरी अन्य माविहरुमा समेत सोही अनुरुपको पुर्वाधार व्यवस्थापन गर्दै प्राविधिक विद्यालय स्थापनामा पहल गर्ने।
३. नगरपालिका भित्र संचालित प्राविधिकं कार्यक्रमहरुलाई बजार सँग जोडदै उत्पादित जनशक्तिलाई रोजगारको सुनिश्चितता गर्ने।
४. आर्थिक रुपमा पछाडी परेका महिला, आदिवासी, दलित, अपाङ्ग तथा जनजातीहरुलाई प्राविधिक शिक्षामा पहुँच बढाउन आवश्यक कार्यक्रम निर्माण गरी लागु गर्ने।
५. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने,
६. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,
७. प्राविधिक शिक्षा विकासको लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्वन्धि तालिम सञ्चालन गर्नुका साथै आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,
८. प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरूको श्रमबजार खोजीका लागि सो विषयसँग सम्बन्धित सरकारी तथा गैर सरकारी संङ्घसंस्था उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँग अन्तरक्रिया र आवश्यकता अनुसार श्रम संझौता गर्ने,

**समस्या तथा चुनौतिहरु**

- प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरीव, विपन्न, पछाडि पारिएको वर्ग र सीमान्तकृत समुदायको शिक्षाको पहुँचमा विस्तार गर्न,
- शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आवद्ध गर्न

- व्यवसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, लागत साझेदारीको सिद्धान्तमा स्रोत परिचालन गर्ने
- प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक पूर्वाधार, ल्याव लगायतका कार्यक्रमको लागि जनशक्तिको व्यवस्थापन गर्ने
- प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेको परम्परागत प्राविधिक शिक्षाको सट्टा वैज्ञानिक र स्रोत साधनमा आधारित उद्यम र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित शैक्षिक समृद्धि हासिल गर्ने

**अनौपचारिक शिक्षा**

**लक्ष्य**

अनौपचारिक शिक्षाको माध्यमबाट सिप तथा व्यवसाय संग व्यक्तिलाई जोडदै आत्म निर्भरता अभिवृद्धि गर्ने

**उद्धेश्य**

१. अनौपचारिक शिक्षाको विकास तथा विस्तार बाट डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने।

२. आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्रको स्थापना, सवलिकरण गरि निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने।

**रणनीतिहरु**

१. नवसाक्षर, प्रौढ महिला तथा पुरुषहरुलाई आयआर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यवसायिक बनाउन सहयोग गरिने छ।

२. आवश्यकता अनुसार सामुदायिक सिकाइकेन्द्रको स्थापना र सुदृढिकरण गरी अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहन गरिने छ।

३. साक्षरता र निरक्षरको अवस्था पहिचान गरी अभिलेखिकरण गरिनेछ।

४. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सरोकारवालाहरु संग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरिने छ।

**समस्या तथा चुनौतीहरु**

१. साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्जनका कार्यक्रम संचालन गर्न नसकिनु।

२. औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका कार्यक्रमका बीचमा सहसम्वन्ध कायम गर्न नसकिनु।

३. कार्यमुलक साक्षरता र डिजिटल साक्षरताको कमी।

४. अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रुपमा संस्थागत विकास गर्न नसक्नु।

५. अनौपचारिक शिक्षाको समकक्षताको व्यवस्था गर्न नसक्नु।

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगंगा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

उच्च शिक्षा
युवा तथा खेलकुद
बाणगङ्गा प्रज्ञा प्रतिष्ठान